**फ्लैट भाडामा**

वीरगंज महानगरपालिका-१२ मुर्ली बगैंचास्थित वाणिज्य कार्यालय भएको घर कम्पाउन्डभित्र चार कोठा, अटैच बाथरूम-१, कमन बाथरूम-१, किचन, पार्किङको व्यवस्था र थप माथिल्लो तलामा अटैच बाथरूम भएको कोठा भाडाका लागि खाली छ।

**रामबहादुर थापा**
मो.नं.: ९८५५०२००३०

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com

**एड्स तथा यौन रोगबाट बच्न र बचाउन**

-सुरक्षित यौन सम्पर्क गरौं,
-यौन सम्पर्क गर्दा कन्डमको प्रयोग गरौं,
-विषाणुरहित रगत तथा सुईको मात्र प्रयोग गरौं,
-एचआइभी नियमित परीक्षण गरौं,
-यौनरोगको लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

❖ वर्ष ३८ ❖ २०८१ पुस ११ गते बिहीवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2024 December 26 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ११८

## पर्साका उखु किसानहरू आम्दानी घटेसँगै बाली परिवर्तन गर्दै

धर्मेन्द्र चौरसिया, पोखरिया, १० पुस/

पर्सा जिल्लाका उखु किसानले उखु



तस्वीर: नरेश यादव

बिक्री र भुक्तानीको समस्या झेल्नु नपरे पनि उखुखेतीबाट आशाप्रद आम्दानी नभएपछि बाली परिवर्तनमा लागेका छन्। वीरगंज चिनी कारखाना सञ्चालनमा रहँदा मुख्य बाली उखु थियो। दुई दशकदेखि वीचिकालि बन्द भएपछि जिल्लामा गाँजाखेती फस्टाएको थियो। अहिले यो जिल्लाको मुख्य बाली धान र गहुँ भएको छ।

धान र गहुँ खेतीबाट मनग्य आम्दानी हुन थालेपछि अहिले वर्षमा एक बाली मात्र हुने उखुखेतीबाट किसानहरूको आकर्षण घट्न थालेको हो। पर्सा जिल्लाको गण्डक नहरदेखि उत्तरतर्फको थरुहट क्षेत्रमा दुई बाली धान र एक बाली गहुँ, मकै, दलहन, तेलहन, सुर्ती खेती गरिन्छ भने गण्डक नहरदेखि दक्षिण बझियान सिंचाइ सुविधा भएको क्षेत्रमा पनि दुई बाली धान र एक बाली गहुँ, दलहन, तेलहन खेती हुन्छ। बझियानका १५ प्रतिशत खेतमा तीन बाली हुन्छ।

अहिले धान र गहुँ बालीबाट मनग्य आम्दानी हुने गरेको र सोको अनुपातमा उखुबाट आशाप्रद आम्दानी हुन छाडेपछि यहाँका उखु किसानहरू बाली परिवर्तनतर्फ लागेका छन्। पर्सा उखु उत्पादक सङ्घर्ष समितिका सचिव पृथ्वी साहले उखुबालीबाट आशाप्रद आम्दानी हुन छाडेपछि जिल्लाका किसानहरू बाली परिवर्तनतर्फ लागेको बताए।

पर्सा जिल्लामा २८ सय उखु किसान



रहेको र आगामी वर्ष यो सङ्ख्यामा आधा जतिले बाली परिवर्तन गर्न सक्ने उनले अनुमान गरेका छन्। सचिव साहले नयाँ उखुखेती वर्षमा एकपटक हुने र दुईपटक सोही उखुको ठुटोबाट उखुखेती हुने बताए।

नयाँ उखुखेती गर्ने किसानलाई प्रतिकट्ठा पाँच हजार खर्च रोपाइँ, सिंचाइ, मल आदिमा लाग्ने र ठुटोमा सोही परिमाणमा चार हजार खर्च लाग्ने गरेको तर धान र गहुँ बाली जस्तो आम्दानी नहुने गरेको उनले बताए। धान र गहुँ बालीमा बर्सेनि वृद्धि हुने तर उखुमा नाम मात्रको वृद्धि हुने गरेको उनले बताए। गत वर्षको तुलनामा यस वर्ष उखुखेतीमा प्रतिक्विन्टल २० रुपैयाँले वृद्धि भएको उनले बताए। गत वर्ष प्रतिक्विन्टल सरकारी अनुदान रु ७० सहित प्रतिक्विन्टल ५३५ रुपैयाँ थियो भने यस वर्ष २० रुपैयाँ बढेर प्रतिक्विन्टल ५५५ रुपैयाँ पुगेको उनले बताए।

पर्सा जिल्लाको कालिकामाई गाउँपालिकाको मात्र उदाहरण लिंदा यस वर्ष ५० प्रतिशत किसानले बाली परिवर्तन गरिसकेका छन्। करीब ३० बिघा खेतमा यो पालिकामा उखुखेती हुने गरेकामा किसानहरूले बाली परिवर्तन गरेका छन्।

उनले पछिल्लो समयमा उखु बिक्रीका लागि चलानको समस्या नहुने गरेको र समयमा उखुको भुक्तानी पनि पाइरहेको तर उखुखेतीबाट धान र गहुँको तुलनामा आम्दानी घटिरहेपछि किसानहरू बाली परिवर्तनमा लागेको बताए। पर्सा जिल्लाका किसानहरूले गरेका उखुखेती रौतहटको कटहरियास्थित बाबा बैजुनाथ सुगर एन्ड केमिकल्स इन्डस्ट्रिज र बाराको रिलायन्स सुगर मिलमा पठाइन्छ।

## अंश माग गर्दै १२० दिनदेखि गिरी परिवार धर्नामा

प्रस, परवानीपुर, १० पुस/

अंश माग गर्दै विनोद गिरीको परिवार चार महीनादेखि जीतपुरसिमरा उपमहानगरपालिका-७ स्थित राजुराज गिरीको घरअगाडि धर्ना दिएर बसेको छ।

स्व फकिरराज गिरीका आठजना छोरामध्ये एक विनोद गिरी हुन्। सातजना छोराले अंश पाएका तर विनोदले आफ्नो अंश दाजु राजेश्वरराज गिरीलाई कानूनीरूपमा हस्तान्तरण गरेका थिए।

विनोदले पछिल्लो समयमा आफूलाई गुमराहमा पारेर अंश लिएको कागजमा हस्ताक्षर गराएको आरोप लगाउँदै आएका छन्। उनकी पत्नी मालती देवीले देवर राजुराज गिरीले झुक्याएर पतिको अंश जेठाजु राजेश्वरराज गिरीको नाममा गराएको आरोप लगाएकी छिन्। विनोद गिरीको परिवार आजभन्दा तीन महीना अघि राजुराज गिरीको घरअगाडि आमरण अनशनमा बसेका थिए। २८ दिन आमरण अनशनमा बस्दा उनीहरूको स्वास्थ्य अवस्था खराब भएपछि स्थानीयवासीको दबाबमा प्रजिअ वसन्त अधिकारी घटनास्थलमा पुगेर अनशन तोड्न लगाएका थिए।

अहिले अनशन तोडिए पनि १२० दिनदेखि विनोद गिरीकी पत्नी मालती गिरी राजुराज गिरीको घरअगाडि त्रिपाल टाँगेर २४ घण्टे धर्नामा छिन्। बिहान र बेलुकाको खाना धर्नास्थलमा नै




तस्वीर: प्रतीक

खाएर २४ घण्टे धर्नालाई निरन्तरता दिँदै आएका छन्। धर्नामा बसेका विनोद गिरी र पत्नी मालती गिरीले अंश नपाएसम्म धर्ना जारी राख्ने र सोको लागि प्राण गए पनि प्रवाह नभएको प्रतिक्रिया दिएका छन्।

राजुराज गिरीले पनि आफूहरूले कानुनी बाटोबाटै अंश दिइसकेको र अब थप अंश दिन नसक्ने बताएका छन्। बुबा स्व फकिरराज गिरीबाट विनोदले ३८ कट्ठा जग्गा अंशमा पाउनुपर्ने माग दाबी छ भने सो अनुरूपको जग्गा कानुनी हिसाबबाट विनोदले दाजु राजेश्वरलाई दिइसकेका छन्।

घरायसी विवादले जीतपुरसिमरा-७ बजार क्षेत्रमा चार महीनादेखि यो लीलाबाट स्थानीयहरूले पनि समस्या भोग्दै आएका छन्। वडाध्यक्ष श्याम गुप्ताले अदालतबाट भएको आदेशमा आफूहरूले केही गर्न नसक्ने बताए। उनले नाराबाजी, जुलुस नगरी शान्तिपूर्ण धर्ना बस्न दिएको र यस विषयमा थप केही गर्न नसकिएको बताए। उनले अदालतबाटै अंश लिने काम भइसकेकोले वडाले यसबारेमा बोल्न उचित नभएको बताए।

## मुसहर परिवारलाई न्यानो कपडा वितरण

प्रस, वीरगंज, १० पुस/

अमेरिकास्थित अमर क्षत्री फाउन्डेशनको आर्थिक सहयोग तथा पिस फर दलित्स फाउन्डेसन नेपालको सहजीकरणमा सखुवाप्रसौनी गाउँपालिका-३, कौवावन र कटैया गाउँका मुसहर समुदायलाई न्यानो कपडा वितरण गरिएको छ।

फाउन्डेशनका अध्यक्ष अमर क्षत्रीले उपलब्ध गराएको दुई लाख ६६ हजार आर्थिक सहयोगबाट अतिविपन्न दलित समुदायका १०० जना वृद्धवृद्धा, महिला, पुरुषलाई ब्ल्याङ्केट तथा १२० जना बालबालिकालाई ज्याकेट, टोपी, ट्राउजर, स्वेटर वितरण गरिएको छ।



तस्वीर: सौजन्य

जाडोको समयमा पर्सा जिल्लाका दलित समुदायसँग न्यानो कपडा नहुँदा उनीहरूको दैनिक जीवनयापन कष्टकर हुने भएकोले फाउन्डेशनको आर्थिक सहयोगबाट दलित वृद्धवृद्धा तथा बालबालिकालाई न्यानो कपडा वितरण गरिएको पिस फर दलित्स फाउन्डेसन नेपालले जनाएको छ।

कार्यक्रमको सहजीकरण दलित्स फाउन्डेशन नेपालका अध्यक्ष मनोज रामले गरेका थिए।

## आर्टिजन धाराको प्रयोगमा पालिकाहरू लापरवाह

प्रमोद यादव, पंचगावाँ, १० पुस/

पर्सा जिल्लाको गण्डक नहरदेखि



पर्सागढी नगरपालिकामा रहेको आर्टिजन धाराको पानी प्रयोग गर्दै स्थानीय। तस्वीर: प्रतीक

उत्तरतर्फको थरुहट क्षेत्रमा आर्टिजन धाराको प्रयोग बढ्दो छ। ठोरी, जीराभवानी, पटेर्वासुगौली, सखुवाप्रसौनी गाउँपालिका र पर्सागढी नगरपालिका तथा वीरगंज महानगरपालिकाका वडा नं ३१ र ३२ मा आर्टिजन धाराको प्रयोग हुन्छ।

जङ्गल क्षेत्रसँग जोडिएका बस्तीमा सय फिटमा आर्टिजन धाराबाट शुद्ध पानी प्रवाह हुन्छ र यो पानी सिंचाइका साथै घरायसी काममा पनि प्रयोग गरिन्छ। शहरी क्षेत्रमा अहिले प्रयोगमा आएको प्रशोधित पानीभन्दा आर्टिजन धाराको पानी स्वस्थकर हुने गरेको पाइएको छ। पटेर्वासुगौली गापा-४ का कन्हैया यादवले सिंचाइका साथै घरायसी प्रयोगमा पनि आर्टिजन धाराको प्रयोग भइरहेको बताए।

जङ्गल क्षेत्रमा सय फिट र सोभन्दा बाहिरी बस्ती क्षेत्रमा १५० फिटमा आर्टिजन धाराबाट पानी आउने गरेको र यसको प्रयोग पर्सा जिल्लाको थरुहट क्षेत्रमा अत्यधिक मात्रामा हुने गरेको छ। यो धाराको प्रयोगमा अहिले पालिकाहरूले ध्यान नदिंदा दुरुपयोग भइरहेको छ।

आर्टिजन धारामा चेक भल्बका साथै नलको प्रयोग नहुँदा पानीको दुरुपयोग भइरहेको छ। गर्मीयाममा पछिल्लो दुई वर्षदेखि चैतदेखि जेठसम्म आर्टिजन धारा पनि सुक्ने गरेको छ।

थरुहट क्षेत्रका ६० प्रतिशत आर्टिजन धारा चैतदेखि जेठसम्म सुक्छन् र असारमा पानी परेपछि पुनः सुचारु हुन्छन्। यसलाई व्यवस्थित गर्न पालिकाहरूले ध्यान दिएका छैनन्।

## सपाङ्गलाई मात दिने विकलाङ्ग शेर्पादाइको गाथा

प्रस, वीरगंज, १० पुस/

वीरगंज महानगरपालिका-४ सिग्रेट फ्याक्ट्री निवासी स्याङ दोर्जे शेर्पाको ८२ वर्षको उमेरमा यही पुस ८ गते राति निधन भएको छ। उनी वीरगंज महानगर-३ पुरानो वाणयन्त्र रहेको तत्कालीन नगरपञ्चायतको भवनमा छ दशकअगाडि पसल थापेर बसेका थिए।

वीरगंजमा काठमाडौंको पुष्टकारी बेच्ने र हेटौंडा दुग्ध विकास संस्थानको दूध बिक्री गर्ने त्यहाँका पुराना विक्रेता थिए। तत्कालीन नगरपञ्चायतका वडा नं १, २, ३, ४ का बासिन्दाहरूले पाउरोटी, दूध, पुष्टकारीलगायतका सामग्री खरीद गर्ने स्याङ दोर्जे शेर्पाको पसल चर्चित थियो। शेर्पादाइको नामले चर्चित उनी पछिल्लो समय तीन दशकदेखि सिग्रेट फ्याक्ट्रीको गेटअगाडि पाउरोटीलगायत बेकरी सामानहरू बिक्री गर्दै आएका थिए।

छ दशकदेखि सोही व्यवसायमा लागेका उनी मृत्यु हुँदासम्म पेशाप्रति प्रतिबद्ध देखिए। मृत्युको दिन उनी पुस ८ गते साँझ ५:३० बजे पसल बन्द गरेर घर गएका थिए। उनकी पत्नीले पानी दिइन् र चिया बनाइदेऊ भनेर आग्रह गरेका थिए। उनले टाउको हल्लाए र खाटमा लडेका थिए। उनको तत्कालै मृत्यु भयो। शेर्पा समुदायमा मृत्युपछि शव गाड्ने चलन छ। तर यहाँ यो समुदायका व्यक्तिको बसोबास कम भएकोले उनलाई जेठो छोराको आग्रहमा काठमाडौंमा अन्तिम संस्कारको लागि लगियो। शेर्पादाइ छ दशकदेखि पाउरोटी बिक्री गरेर जीवनयापन गरे। उनका तीन छोरा छन् तर पनि उनले आफ्नो पुरानो पेशालाई जीवन्त राखे। शारीरिकरूपमा विकलाङ्ग शेर्पादाइले गरेको सङ्घर्षको वर्णन गर्न सकिँदैन।

जन्मजात विकलाङ्ग शेर्पादाइले



स्व स्याङ दोर्जे शेर्पा

आफूलाई कहिल्यै पनि सपाङ्गभन्दा कम ठानेनन्। लट्ठी टेकेर ८२ वर्षको जीवनयात्रा तय गर्दा उनको वीरगंजमा छ दशकभन्दा बढी समय व्यतीत भयो, त्यो पनि एउटै पेशामा। वयस्क हुँदै छोराहरूले पिताको पेशालाई सघाए पनि पछिल्लो समयमा उनीहरूले पिताको पेशाभन्दा विपरीत पेशा अँगाले तर पनि शेर्पादाइले हार मानेनन् र छोराको कमाइमा रजाइँ गर्नुभन्दा आफैंले सङ्घर्ष गरेर कमाइखाने बाटो पहिल्याए।

**विचारसार र सूक्तिहरू**

**अरूलाई आफ्नो दाँजोमा महत्त्वपूर्ण देख्नु र आफू पनि केही हुँ भन्ने बिर्सनु दुःखको मूल कारण हो।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : राजाप्रसाद कुर्मी (आरके पटेल) |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०१
email: prateekdaily@gmail .com, prateekdainik@yahoo .com
Website: www.eprateekdaily.com


# जेनेरिक औषधि सिफारिश

**जेनेरिक औषधि सिफारिश गर्ने व्यवस्था लागू गर्ने पहलले उपभोक्ता हितका लागि महत्त्वपूर्ण कोसेढुङ्गा तय गर्न सक्ने छ। यसो हुन सक्यो भने नेपालको औषधि प्रणालीमा ऐतिहासिक सुधारका रूपमा लिनुपर्ने हुन्छ। सङ्घीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गठन गरेको 'जेनेरिक औषधि सुझाव समिति'ले उपभोक्तालाई गुणस्तरीय, सस्तो र सुपथ मूल्यमा औषधि उपलब्ध गराउन मार्गप्रशस्त गर्ने विश्वास गरिएको छ। जेनेरिक औषधि भनेको कुनै पनि औषधिको सक्रिय रसायनिक तत्त्व (Active Ingredient) यथावत् राखेर उत्पादन गरिने औषधि हो। यो ब्रान्डेड औषधिको तुलनामा सस्तो, गुणस्तरीय र उपभोक्ता लागि सुलभ हुन्छ। ब्रान्डेड औषधि उत्पादन गर्दा हुने विज्ञापन खर्च र अन्य बजार प्रवर्द्धन खर्च नलाग्ने भएकाले जेनेरिक औषधिको मूल्य ब्रान्डेडभन्दा निकै कम हुन्छ। जेनेरिक औषधि उत्पादन गर्दा आवश्यक मापदण्ड पूरा गर्नुपर्ने भएकाले यसको गुणस्तर पनि कमजोर हुँदैन। मुलुकभरका अस्पताल र फार्मेसीमा सहजरूपमा उपलब्ध गराउन सकिने हुँदा उपभोक्तालाई आफ्नो रोजाइ अनुसार औषधि छनोट सजिलो हुन्छ।**

**नेपालमा हाल चिकित्सकहरूले औषधिको ब्रान्ड नाम सिफारिश गर्ने चलन छ। यसले उपभोक्तालाई सिफारिश गरिएका ब्रान्डका औषधि मात्र किन्न बाध्य बनाइरहेको छ, जसका कारण उनीहरूले महँगो मूल्य तिर्न बाध्य हुन्छन्। औषधिको भन्दा पनि उपभोक्ताले ब्रान्डको मूल्य तिर्नुपरिरहेका छ। महँगो ब्रान्डेड औषधिको सट्टा सस्तो र गुणस्तरीय जेनेरिक औषधि उपलब्ध गराए उपभोक्ताको स्वास्थ्य उपचार खर्च स्वतः घट्नेछ। यसो भएमा दुर्गम क्षेत्रका नागरिकलाई पनि सुपथ मूल्यमा औषधि उपलब्ध गराउन सकिन्छ। चिकित्सकहरूले औषधि सिफारिश गर्दा अनिवार्यरूपमा जेनेरिक नाम उल्लेख गर्ने प्रावधान लागू गर्नाले उपभोक्ताले ब्रान्ड नभई आफूलाई उपयुक्त कम्पनीको औषधि छनोट गर्न पाउनेछन्। स्वास्थ्यमन्त्रीको पहलमा थालिएको यो प्रयास सफल हुँदा नागरिकको हितमा हुन्छ। हामीभन्दा सचेत उपभोक्ता रहेका अन्य मुलुकहरूले जेनेरिक औषधि सिफारिश प्रणालीलाई निकै पहिलेदेखि नै अँगालिसकेका छन्। अमेरिका, युरोप, छिमेकी मुलुक भारतलगायतका देशहरूमा जेनेरिक औषधिको प्रयोगलाई प्राथमिकतामा राखिएको छ।**

**अमेरिकामा औषधिको मूल्य नियन्त्रण गर्न जेनेरिक औषधिको उपयोग अनिवार्य गरिएको छ। छिमेकी मुलुक भारतमा जेनेरिक औषधि प्रवर्द्धन गर्न जनऔषधि केन्द्र स्थापना गरिएका छन्। त्यसैगरी, युरोपमा जेनेरिक औषधिले औषधि बजारमा प्रतिस्पर्धा बढाएर उपभोक्ताका लागि सुपथ मूल्यमा गुणस्तरीय औषधि उपलब्ध गराएको छ। सकारात्मक तथा उपभोक्तालाई फाइदाका साथै जेनेरिक औषधि प्रणाली लागू गर्दा केही चुनौतीहरू पनि आउन सक्छन्। मुख्य चुनौती भनेको उपभोक्तामा जेनेरिक औषधिको गुणस्तरबारे विश्वास कायम गराउन समय लाग्न सक्छ। अर्कोतर्फ ब्रान्डेड औषधि उत्पादन र प्रवर्द्धन गर्ने ठूला कम्पनीहरूले यसमा अवरोध गर्न सक्छन्। जेनेरिक औषधी सिफारिश शुरू भएपछि चिकित्सकहरूले ब्रान्डेड औषधि कम्पनीबाट पाइरहेको कमिसन मर्ने हुँदा चिकित्सक तथा स्वास्थ्यकर्मीहरूबाटै पनि अवरोध आउन सक्छन्। उपभोक्ताले पूर्णरूपमा विश्वास नगरिरहेको अवस्थामा चिकित्सक तथा स्वास्थ्यकर्मीबाटै असहयोग, दुरुपयोग भइदियो भने सरकारले कडा अनुगमनका साथै जनचेतना जागरणमा ध्यान दिनुपर्ने हुन्छ।**

# जाडो : पुनरावृत्ति कि प्रवृत्ति

**स्वतन्त्र विचार**



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**शीतलहर नचल्दा जनजीवनको कुनै पनि क्षेत्र प्रभावित हुन सकेको छैन। धेरै दृष्टिकोणले यसलाई राम्रो मानिएको छ तर ग्रामीण क्षेत्रका किसानहरूमा अहिले पनि यस किसिमको चिन्ता रहेको छ कि यदि लगातार यसै किसिमको मौसम रह्यो भने बालीनालीलाई ज्यादै अप्ठ्यारो पर्छ।**

अहिले वर्षको सबैभन्दा छोटो दिन र लामो रात हुने समय हो। यस समयमा केही वर्षदेखि बढी जाडो हुने गर्दथ्यो। अहिले सर्वसाधारणले अपेक्षा गरेजस्तो जाडो हुन सकेको छैन। पछिल्ला दुई तीन वर्षलाई यदि विचार गर्ने हो भने यस बेलासम्म कम्तीमा एउटा शीतलहर गइसक्नुपर्ने हो। केही दिन यस्तो पनि गुज्रनुपर्ने हो जब घाम नलाग्ने र कुहिरो लागिरहनुपर्ने हो। गत वर्षहरूमा यसको प्रकोपले समाज आक्रान्त थियो। अत्यधिक चीसोले जनजीवनका सम्पूर्ण अङ्ग र क्षेत्र प्रभावित भइसक्थ्यो, हुन्थ्यो। अहिले यसपटक भने करीब आधा पुस बित्न लाग्दा वा अङ्ग्रेजी नयाँ वर्ष आउन लाग्दा दुई चार दिनबाहेक खासै घाम अवरुद्ध भएको पाइएको छैन। प्रायः बिहानदेखि नै घाम लाग्ने तथा दिनभर एकनासले लागिरहेको छ। यसरी बिहानको सूर्योदय र साँझको सूर्यास्त हरेक दिन नियमितरूपमा सर्वसाधारणले निकै वर्षपछि पुस महिनामा देख्न पाएको कुरामा शङ्का छैन। अहिलेको जाडोमा सर्वसाधारण तथा ज्येष्ठ नागरिक, सुत्केरी, साना बालबालिका तथा मुख्य गरी अति विपन्न समुदायलाई सजिलो भएको छ। जाडो त छ तर जाडोले धेरै सताएको छैन। जाडोबाट लाग्ने विभिन्न रोगहरूमा पनि कमी देखिएको गाउँघरका स्वास्थ्य संस्थाहरूको कथन छ। राति र बिहान मौसम अनुसारको जाडो भएकै छ। बिहानको तापक्रम पनि निकै अनुकूल नै छ। दिउँसो धेरै बेर घाममा बस्न सक्ने अवस्था छैन। अनि यही नियमितता वा दैनिकीलाई विचार गरेर, विशेष गरेर जागृत वर्गले प्रश्न गर्न थालेको छ– यो मौसमको पुनरावृत्ति भएको हो कि मौसमको प्रवृत्तिमा परिवर्तन देखिन थालेको हो?

पुसको मौसम वा पहिलेको सामान्यतालाई धेरैले बिर्सिसकेका थिए। पहिले एउटा कविता पढाइन्थ्यो, जसको केही पङ्क्तिको भाव थियो –तिमी पुस माघ महिनाको जस्तो पारिलो घाम बनेर आऊ, अनि कुहिरोलाई धपाएर न्यानो बनाऊ। यसबाट पुस (माघ)मा पारिलो घाम लाग्ने र बिहानको कुहिरो तथा जाडोलाई घामले भगाउने गरेको सम्झना लुकेको छ। अनि पहिले यो पनि सुन्ने गरिन्थ्यो कि हिमाल तथा पहाडबाट मानिस जाडो छल्न तराई झर्ने गर्दथे। कतिपय सन्दर्भमा शासकहरूमा पनि यो प्रवृत्ति रहेको देखिन्थ्यो। तराई–मधेसका कतिपय ठाउँबाट केही दिन वा महिना देशको केही अंशसम्म शासन तथा प्रशासन पनि चल्ने गरेको विभिन्न सन्दर्भमा सुन्न तथा बुझ्न पाइन्छ। तराई–मधेसका विभिन्न जिल्लामा धेरै ठूलठूला मानिसको आवतजावत जाडो महीनामा बढी नै हुने गर्दथ्यो। धेरै गाउँमा तिनका घरहरू पनि हुन्थे। कतिपय ठूला मानिसहरूको जाडो महीनाभर नियमित बसोवासका लागि सदरमुकाममा घर नै थियो। यसका केही अवशेष अहिले पनि नपाइने होइन। जाडो महीनामा तराई–मधेस न्यानो नै हुन्थ्यो।

पहाडको जाडो शायद निकै कठिन हुन्थ्यो र तराई मधेसमा घाम ताप्न सजिलो हुने, हिमाल तथा पहाडको तुलनामा जाडो निकै कम हुने भएकोले हुनेखानेहरू यता आउँथे। तर, बिस्तारै मौसम परिवर्तन तथा मानिसहरूको सेवा सुविधामा परिवर्तन हुन थाल्यो। धेरै कुरा बदलिन थालेपछि मौसमको परिवर्तनले यता शीतलहर चल्न थाल्यो। शीतलहरले दिन र रात एकै किसिमले कमाउन थाल्यो। घाम लाग्दै नलाग्ने, दिनभर कुहिरो लाग्ने र पश्चिमा हावा दिनरात एकै किसिमले चलिरहने हुन थाल्यो, कैयौं दिनसम्म। यसले गर्दा तराई मधेसको जनजीवन अत्यन्तै कष्टकर बन्न थाल्यो। करीब हरेक वर्ष उही नियमितता दोहोरिंदा एउटा प्रवृत्ति नै बनिसकेको थियो र मधेसका मानिसमा पनि एउटा मनोविज्ञान बनिसकेको थियो। तर यो वर्ष मौसमले अलिक फरक रूप देखाउँदा धेरैलाई पुरानै मौसमको सम्झना हुँदा कतिपयले यसलाई मौसमको प्रवृत्तिगत पुनरावृत्ति भएको आकलन गरिरहेका छन्।

अहिले विश्वव्यापी तापीकरणको कुरो निकै उठिरहेको छ। यस वर्ष हिमालमा पनि अहिलेसम्म खासै हिउँ परेको छैन। हिउँ पर्ने मौसम गइसकेको त छैन, तर अहिलेसम्म जति हिउँ पर्नुपर्ने हो त्यति परि नसकेकोमा धेरैले चिन्ता पनि व्यक्त गरेका छन्। समाचारहरूमा यो बताइएको छ कि यस वर्ष जाडो कम हुन्छ। वैज्ञानिकहरूले यस वर्षलाई अहिलेसम्मकै सबैभन्दा तातो वर्षको रूपमा घोषणा गरिसकेका छन्। यी सबलाई विचार गर्दा कतै ग्लोबल वार्मिङको प्रभावले नै यस वर्ष एकैचोटि हवात्तै मौसमले फरक रूप देखाएको त होइन? कतै जाडो कम भइहाल्ने पो हो कि? अनि जसरी यस वर्ष वर्षाको समयमा औसतभन्दा बढी पानी पर्ने भनिएको थियो तथा पानी पर्ने बेलामा हामीकहाँ खासै पानी परेन तथा विगतका वर्षजस्तै खासै धेरै बाढी नआएको अवस्था देखिएको थियो। त्यसैगरी औसतभन्दा कम जाडो हुने बताउँदा अन्यत्र जाडो कम भए पनि हामीकहाँ कुहिरो वा शीतलहर उस्तै हुने वा हल्का कम हुने सर्वसाधारणको अनुमान रहेको थियो। अहिले बिहानको स्वाभाविक जाडो कम छैन, रातिको समयमा हुने स्वाभाविक जाडो पनि कम छैन तथा साँझको समयमा पनि जाडो जस्तो हुनुपर्ने हो त्यस्तै छ। तर पनि विश्वव्यापी तापीकरणको प्रभावले दिउँसो धेरै घाम लागिरहेको छ कि भन्ने एकथरीको अनुमान छ, किनभने पहिलेको समयमा जति प्रदूषण हुन्थ्यो त्यसभन्दा धेरै प्रदूषण अहिले भएको देखिन्छ। धूलो तथा धूवाँ र सवारी साधनबाट निस्कने धूवाँले प्रदूषण बढाएकै हो। साथै, पानी नपरेको पनि केही महीना भइसकेको हुनाले वातावरणमा प्रदूषणको मात्रा बढेको देखिएको छ। अलिकति विचार गर्ने हो भने केही महीनादेखि हावा पनि कतैबाट खासै चलेको पाएको छैन। मौसम करीब करीब एकै किसिमको रहेको देखिएको छ।

हुनत सर्वसाधारणको लागि मौसम अनुकूल छ। शीतलहर नचल्दा जनजीवनको कुनै पनि क्षेत्र प्रभावित हुन सकेको छैन। धेरै दृष्टिकोणले यसलाई राम्रो मानिएको छ तर ग्रामीण क्षेत्रका किसानहरूमा अहिले पनि यस किसिमको चिन्ता रहेको छ कि यदि लगातार यसै किसिमको मौसम रह्यो भने बालीनालीलाई ज्यादै अप्ठ्यारो पर्छ। सर्वसाधारणले यो कुरो सजिलै बुझेका छन् कि गहुँमा सिंचाइ गर्नुपर्छ, आलु वा अन्य तरकारी खेती गर्नेले सिंचाइको व्यवस्था गरेकै हुन्छन् तर अन्य तोरीबाली तथा रबिबालीलाई मौसमी पानीको आवश्यकता पर्दछ। यस्ता धेरै बाली छन् जसलाई आकाशे पानी चाहिएको हुन्छ। आकाशे वर्षा भएन भने कतिपय बालीनालीलाई धेरै नोक्सान हुन्छ वा बालीको उत्पादनमा निकै कमी आउँछ। बालीको उत्पादनमा प्रभाव पर्ने आशङ्का किसानहरूले गरिरहँदा रोग तथा कीराको प्रकोप पनि बढ्ने आशङ्का छ। यसैगरी शिक्षित समुदायमा गर्मी अत्यन्तै हुने भय पनि रहेको छ। अहिले पुसमा नै यस्तो घाम छ कि फागुनको मध्य लागेको जस्तो अनुभूति हुन्छ भन्ने कुरा गरिरहेका मानिसहरूले माघको आधा आउँदासम्म जाडो बाँकी नरहने शङ्का गरिरहेका छन्। अनि फागुन आधा आउँदासम्म घामले कस्तो रूप देखाउने होला भन्ने अड्कल गरिरहेका छन्। अनि पानी पर्नुपर्ने सबैको भनाइ छ। हिउँदे पानी कम पर्ने अनुमान पनि धेरैले लगाइरहेका छन् किनभने यस वर्ष धानको सिजनमा निकै पछिसम्म पानी परेको थियो। अहिले पानी नपर्ने हो भने गर्मी बढ्ने र धेरै क्षेत्रमा नकारात्मक प्रभाव पर्ने अनुमान रहेको छ। हुनत सर्वसाधारणले मौसमलाई कुनै पनि उपाय गरेर अनुकूल बनाउन सकिने होइन तर मौसमले सबैभन्दा बढी यही वर्गलाई प्रभावित पारेको देखिन्छ। यद्यपि यस वर्षको अहिलेसम्मको जाडोको वास्तविक प्रवृत्ति के हो भन्ने अनुमान सहज लगाउन सकिएको छैन।

**पुनश्चः**

पश्चिम नेपालमा भने यस मौसममा दुईपटक पानी परिसकेको छ। यस दृष्टिकोणले मौसमले देशको अधिकांश भागमा हिउँ पर्नुबाहेक, वास्तविक स्वरूप नै देखाएको छ। हामीकहाँ पनि किसान अनुकूल मौसम बनोस् भन्ने चाहना छ।

# चीसो मौसममा 'मर्निङ वाक' सबेरैभन्दा अबेर उपयुक्त

प्रगति ढकाल
काठमाडौं, १० पुस/रासस

के तपाईंको एकाबिहानै 'वाक' गर्ने बानी छ। बिहान झिसमिसेमै वाकका लागि निस्कने गर्नुहुन्छ भने तालिका परिवर्तन गर्नुहोस्। किनभने चीसोमा पहिलो प्रहरमै वाकमा निस्कँदा स्वास्थ्यका लागि बढी हानी हुन सक्ने विज्ञहरूको भनाइ छ।

गर्मीयामको तुलनामा चीसोयाममा हावामा प्रदूषण बढी हुन्छ। घाम नलागदासम्म चीसो हावा जमीनमै जमेको हुन्छ। त्यसैले एकाबिहानैको हावा बढी प्रदूषित हुने सम्भावना बढी हुने भएकोले विज्ञहरूले घाम लागेपछि मात्रै वाक गर्दा उपयुक्त हुने सुझाव दिएका छन्। चीसो हावामा धूलो, धूवाँ र कार्बन कर्णलगायत प्रदूषण तैरिन नसकी जमीनको सतहमै रहेका हुन्छन्।

वातावरणविद् भूषण तुलाधारले गर्मीयामको तुलनामा जाडोयाममा बिहान सामान्य अवस्थामा जमीनमा रहने चीसो हावा बढी प्रदूषित हुने बताएका छन्। "जाडोयाममा बिहान सबेरैभन्दा पनि घाम लागेपछि नै बाहिर निस्कँदा स्वास्थ्यका लागि राम्रो हुन्छ, घाम लागेपछि तातो हावा माथि जान थाल्छ र जमीनको हावामा प्रदूषण कम हुन्छ"–उनी भन्छन्– "विशेषगरी रातको समयमा जमीनको सतह छिटो चीसो हुन्छ, चीसो हावा तत्कालै माथि जान सक्दैन, जसले गर्दा जमीनको हावा प्रदूषित भइरहेको हुन्छ।"

तुलाधारका अनुसार काठमाडौंजस्तो उपत्यकामा हावा बाहिर निस्किन अझ कठिन भएकाले पनि जाडोको समयमा प्रदूषण बढ्छ। सर्वसाधारणले पनि चीसो मौसममा फोहोर जलाउने, घर तताउन तथा खाना पकाउन जैविक इन्धन (दाउरा, कोइला) र तरल पेट्रोलियम ग्याँसको प्रयोग बढी गर्ने र ग्रामीण क्षेत्रमा अझै पनि परम्परागत दाउरा प्रयोग हुने गरेकाले प्रदूषण हुने गति तीव्र हुन्छ।

"राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा ५१ प्रतिशतले अझै दाउरा र तीन प्रतिशतले गुइँठा बाल्छन्। घरभित्रको प्रदूषणबाट महिला तथा बालबालिका बढी प्रभावित भइरहेका छन्"–तुलाधारले भने– "नेपालमा वार्षिक ४८ हजार पाँच सयको मृत्यु वायु प्रदूषणबाट हुने गरेको पछिल्लो अध्ययनले देखाएको छ।"

शहरमा सवारी साधनहरूको इन्धन दहनको क्षमता जाडोयाममा घट्ने र यसले बढी कार्बन मोनोअक्साइड र नाइट्रोजन अक्साइड उत्सर्जित गर्दा पनि प्रदूषण बढ्ने विज्ञहरूको भनाइ छ।

"जाडोको समयमा ग्रामीण क्षेत्रमा पराल र अन्य जैविक फोहोर जलाइन्छ। आगो ताप्नका लागि पनि प्लास्टिक तथा अन्य वस्तु बालिन्छ, यसले वायुमण्डलमा सूक्ष्म कण र अन्य हानिकारक ग्याँसहरू बढाउँछ"–तुलाधार भन्छन्– "इँटाभट्टा, ऊर्जा उत्पादन गर्ने कोइलाजन्य उद्योग, र सिमेन्ट उद्योगहरूले जाडोयाममा उत्पादन कायम राख्छन्। धूवाँ र प्रदूषक उत्सर्जन बढ्ने भएकाले जाडोयाममा प्रदूषण तीव्र हुन्छ। अझै माघ महीनापछि ईंटा उद्योग सञ्चालनमा आउनाले प्रदूषण झनै बढ्छ।"

वातावरण अभियन्ता वर्षा पराजुली जाडोमा बिहानको समयमा बढी चीसो हुने र बढी तुवाँलोका कारण प्रदूषणका कणहरू जमीनकै सतहमा रहँदा वातावरण थप प्रदूषित हुने गरेको बताउँछिन्।

जलवायुविद् मञ्जित ढकालले प्रदूषणको स्रोत नै सवारी साधनबाट निस्कने धूवाँ भएको उल्लेख गर्दै समस्या समाधान गर्न सके जलवायु परिवर्तनको कारक तत्त्वका रूपमा रहेको कार्बन उत्सर्जन न्यूनीकरणमा सहयोग पुग्ने बताए।

**मुटुरोगीलाई बढी असर**

मुटुरोगी विशेषज्ञ डा रञ्जित शर्मा जाडोयाममा घाम लाग्नु अघि बढी प्रदूषण हुने भएकाले यसबाट मुटुरोगीलाई बढी असर गर्ने बताउँछन्। "प्रदूषणले जुनसुकै बेला असर गर्ने भयो, तर बिहानको समयमा बढी असर गर्न सक्छ, विशेष गरी मुटुसम्बन्धी रोगीहरू घरबाहिर निस्कँदा विशेष ध्यान दिनुपर्छ"–उनी भन्छन्। मुटु, रक्तचाप, मधुमेह, उच्च कोलस्टोल, दीर्घरोगी, दमबाट पीडितले सकेसम्म बिहान अबेर मात्रै व्यायाम गर्न उनी सुझाव दिन्छन्।

उनका अनुसार जाडो याममा शरीरमा विभिन्न किसिमका हर्मोनको मात्रा वृद्धि हुने भएकाले रगतको भिस्कोसिटी (बाक्लोपना) बढ्ने र रक्तनली खुम्चने हुन्छ। यसले रक्तप्रवाह असामान्य भई मुटुमा अक्सिजनको कमी हुन सक्छ। मुटुले सामान्य अवस्थामा भन्दा बढी काम गर्नुपर्छ, जसले रक्तनलीमा रगत जमेर हृदयघात र मस्तिष्कघात समेत हुन सक्ने डा शर्माको भनाइ छ। "चीसोमा बाहिर निस्कनुपर्दा बाक्लो लुगा लगाउने, मास्क लगाउने गरौं, सकेसम्म घाम लागेपछि मात्रै घर बाहिर निक्कदा उपयुक्त हुन्छ"–उनी भन्छन्।

जनस्वास्थ्यविद् डा समीर अधिकारी बढ्दो वायु प्रदूषणले मानिसको श्वासप्रश्वासमा समस्या आउने, रुघाखोकी लाग्ने, दम बढाउने, फोक्सोको क्यान्सर, उच्च रक्तचाप, पक्षघात, हृदयघातजस्ता स्वास्थ्यमा गम्भीर असर गर्ने हुँदा सतर्क हुन सुझाव दिन्छन्।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# बाह्रै महीना शुद्ध खानेपानी उपलब्ध गराउने तयारीमा मन्त्रालय

काठमाडौं, १० पुस/रासस

खानेपानीमन्त्री प्रदीप यादवले काठमाडौंवासीलाई बाह्रै महीना मेलम्चीको शुद्ध, सफा खानेपानी उपलब्ध गराउने वातावरण तयार गर्न मन्त्रालयले पहल गरिरहेको बताएका छन् ।

मन्त्रालयका कर्मचारी तथा पदाधिकारीसँग बुधवार भएको छलफलमा मन्त्री यादवले काठमाडौं उपत्यकामा २४सैं घण्टा मेलम्चीको शुद्ध खानेपानी उपलब्ध गराउने गरी काम गर्नुपर्नेमा जोड दिए ।

"नागरिकले महसूस गर्नेगरी काम अगाडि बढाऔं, मन्त्रालयबाट आवश्यक सहयोग र समन्वय हुनेछ, अधूरा कामलाई तीव्ररूपमा सम्पन्न गर्नुपर्छ," उनले भने, "काठमाडौंवासीले बाह्रै महीना शुद्ध र सफा खानेपानी पाउनुपर्छ, सोही अनुसार वातावरण तयार गरौं ।"

मन्त्री यादवले मेलम्चीको खानेपानी काठमाडौं उपत्यकामा ल्याउने विषयमा सिन्धुपाल्चोकको हेलम्बुवासीका साथै त्यहाँका सङ्घर्ष समिति र मन्त्रालयबीचमा भएको सहमति कार्यान्वयनका लागि आवश्यक पहल गर्न मन्त्रालयका पदाधिकारीलाई निर्देशन दिए ।

उनले भने, "नागरिकका समस्या समाधान गर्नु हाम्रो दायित्व हो, काठमाडौंमा मेलम्चीको पानी ल्याउने समयमा हेलम्बुका नागरिकसँग विगतमा भएका सहमति कार्यान्वयनका लागि आवश्यक पहल गर्नुपर्छ ।"

जनतालाई स्वच्छ, सफा पानी वितरण गर्नु मन्त्रालयको पहिलो प्राथमिकतामा रहेको बताउँदै मन्त्री यादवले यसका लागि मन्त्रालयले


तस्वीरः रासस

योजनाबद्धरूपमा काम गरिरहेको उल्लेख गरे । साथै आवश्यकता अनुसार सम्बन्धित मन्त्रालय र अन्य सरोकार भएका निकायसँग पनि छलफल गरी काम गरिरहेको उनले बताए ।

गत असोज ११ गतेदेखि आएको बाढीबाट क्षतिग्रस्त ललितपुरको धोबीघाट फोहर पानी प्रशोधन केन्द्र यथाशीघ्र सञ्चालनमा ल्याउन मन्त्री यादवले निर्देशन दिए । उनले उपत्यका खानेपानी लिमिटेडको आयोजना कार्यान्वयन निर्देशनालयसहित मातहतका निकायलाई बाढीका कारण क्षति पुगेको उक्त केन्द्र यथाशीघ्र मर्मत गरी सञ्चालन ल्याउन निर्देशन दिएका हुन् ।

उनले भने, "खानेपानी चुहावट भएका पाइप मर्मत गरौं, अत्यावश्यकरूपमा रहेको धोबीघाट फोहर पानी प्रशोधन केन्द्र यथाशीघ्र सञ्चालनमा ल्याऔं ।" मन्त्री यादवले खानेपानीको समस्या उत्पन्न भएका ठाउँमा तत्काल जनशक्ति खटाएर समस्या समाधान गर्न मातहतका सबै निकायलाई आग्रह गरे । उनले भने, "पानीको समस्याका विषयमा गुनासो आएका ठाउँमा तत्काल थप जनशक्ति परिचालन गरी समस्या समाधान गर्नुहोला ।"

ललितपुरको धोबीघाटस्थित प्रशोधन केन्द्र निर्माण अन्तिम चरणमा पुगेर हस्तान्तरण गर्ने तयारी भएकामा गत असोज ११ गते आएको बाढीले त्यहाँ रहेका भौतिक संरचना तथा उपकरणमा क्षति पुऱ्याएको काठमाडौं उपत्यका खानेपानी लिमिटेड आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी)का प्रशासन प्रमुख राजेन्द्रबहादुर बमले जानकारी दिए ।

उनले भने, "धोबीघाटमा निर्माणाधीन प्रशोधन केन्द्र अन्तिम चरणमा पुगेर हस्तान्तरण गर्ने तयारीमा थियो । असोजमा आएको बाढीले संरचना र उपकरणका क्षति पुऱ्याउँदा अहिले समस्या भएको हो ।"



**टसि ल्हखाङ्ग गुम्बा**ः मुस्ताङ जिल्ला घरपझोङ गाउँपालिका-३ स्याङ गाउँमा अवस्थित टसि ल्हखाङ्ग गुम्बा । बौद्ध धर्मावलम्बीको आस्थाको रूपमा रहेको यो गुम्बा ऐतिहासिक, धार्मिक, सांस्कृतिक र परम्परागतरूपमा समेत प्रचलित रहेको छ । यस गुम्बामा प्रत्येक वर्ष बौद्ध धर्म परम्परा अनुसार देव नृत्य (लामा नाच)समेत देखाउने गरिन्छ । तस्बिरः सुशीलबाबू थकाली/रासस

# स्कूटरको लाइसेन्स लिन आएका कुलप्रसाद परीक्षा नदिई अस्ताए

भक्तपुर, १० पुस/रासस

जिल्ला हुलाक कार्यालय खोटाङका निमित्त कार्यालय प्रमुख भएपछि ५६ वर्षीय कुलप्रसाद आचार्यलाई राज्यले सरकारी स्कूटर उपलब्ध गरायो । तर सवारी चालक अनुमतिपत्र भने थिएन ।

त्यसैले कार्यालय जान र आउन सहजताका लागि स्कूटरको लाइसेन्स अर्थात् सवारी चालक अनुमतिपत्रको परीक्षा दिन गत मङ्सिर २८ गते बिदा लिएर भक्तपुर आएका थिए, दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-१ दिक्तेलका स्थायी बासिन्दा निमित्त कार्यालय प्रमुख आचार्य । तर उनी सवारी चालक अनुमतिपत्र लिने धोको पूरा गर्न नपाउँदै सधैंका लागि अस्ताए ।

सूर्यविनायक नगरपालिका-२ बालकोट फिकाधारास्थित भाडाको घरको भुइँतलामा कोठाभित्र मृत अवस्थामा फेला परेका बुबा कुलप्रसाद र कान्छो छोरा २२ वर्षीय प्रवीण आचार्यको हत्या अभियोगमा प्रहरीले जेठा छोरा मिलन भन्ने रूपेश आचार्यलाई मङ्गलवार काठमाडौं महाराजगंजबाट पक्राउ गरेको छ ।

सोमवार बिहानसम्म कोठा नखोलेको, परिवारका कोही पनि बाहिर नदेखिएको र मोबाइलसमेत सम्पर्क नभएपछि सोमवार बिहान प्रहरीलाई खबर गरी कोठाको ताल्चा फुटाएर भित्र पस्दा बुबा र छोरा छुट्टाछुट्टै कोठामा मृत अवस्थामा भेटिएका थिए ।

कुलप्रसादको हत्यापछि सिरक ओढाएको र भान्सा कोठामा सुतेका प्रवीणको भने बीभत्स तरीकाले टाउकोमा सिलौटाले प्रहार गरी अनुहार नै चिन्नै नसकिने अवस्थामा शव फेला परेको प्रहरीको भनाइ छ ।

बालकोटस्थित कान्छो छोरा एकनाथको घरमा बस्दै आएका मृतक कुलप्रसादका बुबा ८२ वर्षीय खडानन्द आचार्य, आमा ७६ वर्षीय तुलसा आचार्य र घटनापछि दिक्तेलबाट बालकोट आइपुगेकी मृतक कुलप्रसादकी पत्नी रेजिना आचार्य मात्रै होइन, आचार्यको सिङ्गो परिवार र आफन्तजन सोमवारदेखि नै शोकाकुल छन् ।

मङ्गलवार साँझ पशुपति आर्यघाटमा बुबाछोराको एकैपटक दाहसंस्कार गर्दा परिवार र आफन्तको शोक निकै पीडादायक थियो । ८२ वर्षीय खडानन्दले आफ्नै छोरा र नातिलाई दागबत्ती दिएर कोरा बारेर किरिया बसेपछिको पीडा पनि परिवार र आफन्तका लागि निकै कठिन बनेको देखिन्थ्यो ।

घर झगडा कहिल्यै नसुनेको, परिवारभित्र कलह कहिल्यै नरहेको, माया र स्नेहमैं अगाडि बढिरहेको अवस्थामा माया गर्ने आफ्नै बुबा र भाइको बीभत्स तरीकाले कसरी हत्या गर्न सक्छ भन्ने प्रश्नले यो परिवारलाई पटकपटक चिमोटिरहेको बताउँछन्, मृतक परिवारका आफन्त दीपक पाण्डे ।

कान्छो छोराको घरमा बस्दै आएका बुबा खडानन्द र आमा तुलसासँगै थिए, गत शनिवार साँझसम्म कुलप्रसाद । साँझ जेठो छोराले मासु बनाएको छु बाबा खाना खान आउनुस् भनेर बोलाएपछि झोला बुबाआमा सुत्ने कोठामैं छाडेर छोराहरूको कोठामा पुगेका थिए, उनी । बुबा र दुई भाइ छोराले शनिवार बेलुकाको खानासँगै खाएको तर अचानक राति यस्तो दुःखद घटना कसरी भयो ? किन भयो ? मृतकका परिवारजनले अहिले यही प्रश्न बारम्बार गरिरहेका छन् ।

शनिवार नातिको कोठामा जाँदा छोराले छाडेर गएको झोला हेरेर बूढी आमा तुलसाको आँखा ओभाएका छैनन् । अर्कोतिर छोरा र नातिको अकस्मात् भएको मृत्युको पीडाले बुबा खडानन्द छटपटाइरहेका छन् । मृतक कुलप्रसादकी पत्नी रेजिनाको आँसु रोकिएको छैन । "मेरो जेठोले आफूले अति माया गर्ने बुबा र भाइको हत्या गऱ्यो भनेर मैले कसरी पत्याउनु, मेरो छोरालाई मेरो अगाडि ल्याऊ, म उसकै मुखबाट सुन्न चाहन्छु," भन्दै भावविह्वल बनेकी रेजिनालाई सम्हाल्न सक्ने अवस्था नरहेको पाण्डे बताउँछन् । यतिखेर मृतकका आफन्तजनलाई पीडित आचार्य परिवारलाई सम्हाल्न सकस परेको छ ।

परिवारका अनुसार ध्यान, अध्ययन र कलाकारितामा सक्रिय जेठो छोरा मिलन आफन्त र पारिवारिक भेटघाटमा रमाउँथे । सबैको प्यारो बन्दै आएका मिलनले तयारी गरिरहेको लोकसेवाको परीक्षामा असफल भएपछि त्यसको पीडा भने उनलाई थियो । कान्छो छोरा प्रवीण सूचना प्रविधिमा स्नातक अध्ययन गरिरहेका थिए । विभिन्न प्रतियोगिताहरूमा भाग लिने उनी मोडलिङमा पनि जम्दै थिए । मृतक कुलप्रसादका भाइ माधवले मोडलिङमा अगाडि बढेका प्रवीणले केही म्युजिक भिडियोमा अभिनय गरेको जानकारी दिंदै स्नातक तहको अध्ययनपछि अमेरिकामा थप अध्ययनका लागि जाने तयारी गरिरहेको बताए ।

मृतक आचार्यकी जेठी छोरीको ललितपुरको लुभुमा विवाह भएर जीवन अगाडि बढिरहेको र कान्छी छोरी गएको तिहार मानेर पत्रकारितामा स्नातकोत्तर अध्ययनका लागि अस्ट्रेलिया गएकी थिइन् । शिक्षिकाबाट अवकाशप्राप्त मृतककी पत्नी रेजिना पनि पछिल्लो समय राजनीतिमा सक्रिय रहँदै आएकी थिइन् । उनी नेकपा एमाले खोटाङ जिल्ला सदस्य तथा अखिल नेपाल महिला सङ्घमा सक्रिय भएकी नेकपा एमालेले जनाएको छ । मृतकका भाइ माधव छोराछोरीलाई पढ्न र उनीहरूको भविष्य बनाउने विषयमा दाजुभाउजूले कुनै कमीकन्जुस्याइँ नगरेको बताउँछन् ।

घटना हुनुभन्दा दुई दिन अघि मात्रै कुलप्रसादलाई जेठो छोरा मिलनले बुबा कुलप्रसादलाई शिक्षण अस्पताल महाराजगंज लगेर स्वास्थ्य जाँच गराएर आएको र गत शनिवार पनि साथीसँग क्रिकेट हेरेर फर्किएका थिए । तर त्यही दिन राति किन त्यस्तो घटना भयो ? परिवार र आफन्तले यसको जवाफ अझै पाउन सकेका छैनन् ।

पक्राउपछि मिलन भन्ने रूपेश आचार्यलाई थप अनुसन्धानसहित कारबाई प्रक्रिया अगाडि बढाउन जिल्ला प्रहरी परिसर भक्तपुरमा ल्याएर कर्तव्य ज्यानको कसूरमा म्याद थप गरेर अनुसन्धान अगाडि बढाएको भक्तपुर जिल्लाका प्रहरी उपरीक्षक माधवप्रसाद बढाथोकीले जानकारी दिए ।

प्रहरी वृत्त थिमीमा घटनाको सत्यतथ्यको गहिराइमा पुगेर अनुसन्धानको माग गर्न पुगेका मृतकका परिवारजन र आफन्तले जाहेरी दिएका छन् । प्रहरीका अनुसार आफ्नै बुबा र भाइका कारण तनाव महसूस भइरहेको र लोकसेवा आयोगको परीक्षामा असफल भएपछि झनै तनाव बढेकाले दुवैजनाको हत्या गरेपछि आफूले पनि आत्महत्या गर्न खोजेको तर नसकेपछि फरार भएको भन्ने बयान मिलनबाट आएको छ ।

यसैगरी, शनिवार राति बुबा र भाइको हत्या आइतवार बिहान करीब ३ बजेतिर गरी कोठामा ताल्चा मारेर बाहिरिएको र स्कूटर लिएर गएपछि प्रहरीले चौतर्फी खोजी गर्नेक्रममा मङ्गलवार महाराजगंजमा मिलनलाई पक्राउ गरी उनीमाथि अनुसन्धान प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ ।

# रसुवा भ्रमण गर्ने २५ हजार नाघे

रसुवा, १० पुस/रासस

रसुवाको पवित्र तीर्थस्थल गोसाइँकुण्ड र लाङ्टाङ क्षेत्र भ्रमण गर्ने पर्यटकको सङ्ख्या २५ हजार नाघेको छ ।

चालू आर्थिक वर्षको साउनदेखि मङ्सिरसम्म जम्मा २५ हजार ५२१ पर्यटकले गोसाइँकुण्ड र लाङ्टाङ क्षेत्रको भ्रमण गरेको लाङ्टाङ राष्ट्रिय निकुञ्जका प्रमुख श्यामकुमार साहले जानकारी दिए ।

यसरी रसुवा भ्रमण गर्न आउनेमा स्वदेशी तथा विदेशी गरी महिला नौ हजार १०३ र पुरुष १६ हजार ४१८ रहेका छन् । यसैगरी, सार्क राष्ट्रका छ हजार १६७ जना विदेशी पर्यटक रसुवा घुम्न आएका निकुञ्जको विवरणमा उल्लेख छ ।

लाङ्टाङ राष्ट्रिय निकुञ्ज कार्यालयले पर्यटक, वन पैदवार, न्यायिक दण्ड तथा जरिवाना, सरकारी सम्पत्तिको बहालबाट रु दुई करोड २८ लाख सात हजार १८३ राजस्व सङ्कलन गरेको जनाएको छ ।

निकुञ्ज क्षेत्र आसपासमा बसोबास गरिरहेका र अन्य जन्तुबाट अन्नबाली क्षति पुऱ्याएका ४३ किसानलाई नियम अनुसार मूल्याङ्कनका आधारमा रु चार लाख आठ हजार ६५० राहत वितरण गरेको प्रमुख साहले बताए ।

निकुञ्ज संरक्षणलाई प्रभावकारी बनाउन स्थानीय निकुञ्जवासीको साथ सहयोग रहिआएको, शान्ति सुरक्षाको लागि तैनाथ श्रीनाथ गणबाट नियमित गस्ती भइरहेको, सुक्खायाममा लाग्ने डढेलो नियन्त्रणका लागि जनचेतना जगाउने कामलाई प्राथमिकतामा राखेको र अग्नि नियन्त्रणका सामग्रीसहित पूर्वतयारी अवस्थामा रहेको निकुञ्जले स्पष्ट गरेको छ ।

यसैगरी, निकुञ्जले समग्र वन तथा वनस्पति एवं जैविक विविधताको संरक्षण गर्न समयसापेक्ष जनचेतना अभिवृद्धि गर्ने, रेडपान्डा र हिम चितुवाको संरक्षणका लागि थप अध्ययन अनुसन्धान गराउने कामलाई प्राथमिकतामा राखेको छ ।

गोसाइँकुण्ड जाँदा काठेलौरीको नाममा वनस्पति नकाट्न, पवित्रकुण्डमा स्नान गरेपछि शरीरमा लगाएका कुनै पनि वस्त्र कुण्ड आसपासका क्षेत्रमा नफ्याँक्न, कुण्डतर्फ जानेक्रममा पैदलमार्गमा भेटिने जनावरलाई नजिस्क्याइ संरक्षण अभियानमा साथ दिन र तोकिएको स्थानका भाँडामा मात्र फोहर राखी वातावरण संरक्षण कार्यमा साथ दिन सबै यात्री तथा पर्यटकसमक्ष निकुञ्ज प्रमुख साहले अनुरोध गरे ।

धार्मिकशास्त्र अनुसार लौरीविनायकमा चढाउने लट्ठीका लागि निगालो मात्र प्रयोग गर्न अनुरोध गर्दै भगवान् शिव निलाद्रि पर्वत जाँदा बेतको लट्ठी प्रयोग गरेका भक्तजनले बाँस या निगालोको लट्ठी प्रयोग गर्दा उपयुक्त हुने प्रमुख साहले बताए ।

यसैगरी, मालपोत कार्यालय, रसुवाले जग्गा जमीनको कारोबार अन्तर्गत चालू आवको साउनदेखि मङ्सिरसम्म ५१० थान रजिस्ट्रेशन पारित गरेको जनाएको छ । मालपोत अधिकृत गणेश श्रेष्ठका अनुसार जग्गा लेनदेन कारोबार अन्तर्गत १३९ धितो बन्धकको लिखत पारित भएका छन् ।

रजिस्ट्रेशन, नामसारी, जरिवाना, पूँजीगत लाभकर र अन्य विविध शीर्षकबाट पाँच महीनाको यस अवधिमा रु ९० लाख चार हजार १४५ राजस्व दाखिला भएको जिल्ला मालपोत प्रवक्ता सविता पौडेलले जानकारी दिइन् ।

हिमाली क्षेत्र भएका कारण चीसोयामलाई मध्यनजर गरी मालपोत कार्यालयभित्र सेवाग्राही विश्रामस्थल बनाइएको, महिला-पुरूषका लागि छुट्टाछुट्टै शौचालय र बालबच्चा लिई आउने महिला सेवाग्राहीलाई स्तनपान गराउने कक्ष, तातोचीसो पानीका लागि डिस्पेन्सर, मालपोतसम्बन्धी जानकारी दिने कक्ष र समाचार तथा मनोरञ्जनका लागि टेलिभिजनको व्यवस्था गरिएको छ ।



**उखुखेती**ः महोत्तरी जिल्लाको मनरासिश्वा नगरपालिका-२ भोलहीगाउँबाट टयाक्टरमा उखु राखेर चिनीमिलमा बिक्रीका लागि लग्दै । तस्बिरः सञ्जीतकुमार मण्डल/रासस

# विषादी अवशेष जाँच्ने प्रयोगशाला स्थापना

जनकपुरधाम, १० पुस/रासस

सङ्घीय सरकारको कृषि तथा पशुपक्षी विकास मन्त्रालयले धनुषाको ढल्केबरस्थित कृषिउपज बजारमा विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला एकाइ स्थापना भएको छ ।

जिल्लाका विभिन्न स्थानबाट ढल्केबर बजारमा बिक्रीका लागि ल्याइने हरिया तरकारी तथा फलफूलमा हुन सक्ने विषादीको मात्रा जाँच गर्ने उद्देश्यले सो प्रयोगशाला स्थापना गरी आजदेखि सञ्चालनमा ल्याइएको हो ।

मन्त्रालय अर्न्तगतका केन्द्रीय कृषि प्रयोगशालाद्वारा स्थानीयलाई विषादीरहित कृषिउपज उपलब्ध गराउने उद्देश्यले ढल्केबरमा उक्त प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याइएको यहाँस्थित कृषिउपज बजार व्यवस्थापन समितिका अध्यक्ष बुधेश्वर महतोले जानकारी दिए ।

केन्द्रीय कृषि प्रयोगशाला प्रमुख शान्ता कार्कीले खेतबारीमा कति मात्रामा विषादी छर्कने र विषादी छर्केको कति दिनपछि तरकारी तथा फलफूल टिप्न मिल्छ भन्नेबारे जानकारीमूलक सूचना समयसमयमा दिइरहनुपर्नेमा जोड दिइन् ।

उनले भनिन्, "३५ प्रतिशतभन्दा कम विषादी प्रयोग भएको देखिएमा खानयोग्य हुन्छ, ३५ देखि ४५ प्रतिशत भएमा केही समय राखेर मात्र प्रयोग गनुपर्छ, ४५ प्रतिशतभन्दा बढी विषादी प्रयोग भएको देखिएमा अखाद्य मानिन्छ र त्यो वस्तु खानयोग्य हुँदैन ।" केन्द्रीय प्रयोगशालाको सहयोगमा रु ४० लाखको लागतमा यहाँ प्रयोगशाला निमार्णमा भएको हो ।

# नेपाल–कोरिया सम्बन्धको नयाँ मार्गचित्र

नेपाल कोरियाबीच ऐतिहासिक सम्बन्ध रहेको छ । सन् ३७२ मा कोरियामा बौद्ध धर्म प्रवेशसँगै लुम्बिनीसँग भावनात्मक र धार्मिक सम्बन्ध विकसित भएको मानिन्छ। सन् ७१९ मा कोरियाली गुरु हेछो लुम्बिनी पुगेको अभिलेख छ। यद्यपि दुई मुलुकबीच कूटनीतिक सम्बन्ध भने १५ मे १९७४ मा भएको थियो। त्यसै वर्ष गणतन्त्र कोरियाले काठमाडौंमा आफ्नो दूतावास खोलेको थियो भने नेपालले सन् २००७ मा मात्रै सियोलमा दूतावास स्थापना गऱ्यो । कूटनीतिक सम्बन्ध स्थापना भएदेखि नै दुई देशबीचको सम्बन्ध सद्भाव, मित्रता र पारस्परिक सहयोगमा आधारित छ । नेपाल र कोरियाबीच ३० मार्च २००५ मा भएको सांस्कृतिक सम्झौताले दुई देशबीचको संस्कृति, कला, शिक्षा, युवा, खेलकूद र पर्यटनका क्षेत्रमा सहयोग प्रवर्द्धन र विकास गर्ने उद्देश्य राखेको छ।

## विचार



डा शिवमाया तुम्बाहाम्फे

**झन्डै दुई करोड कोरियाली नागरिकले विदेश भ्रमण गर्ने गरेकामा नेपालमा ३० हजार मात्र आउने गरेका छन् । कोरियाली नागरिकले सन् २०२३ मा विदेशमा क्रेडिट कार्डबाट मात्रै १४.३२ बिलियन अमेरिकी डलर खर्च गरेका छन् । त्यो भनेको नेपालको वार्षिक बजेट बराबर हो ।**

सन् २०२४ मा दुई मुलुकबीचको सम्बन्धको ऐतिहासिक स्वर्ण उत्सव मनाइरहेका छौं। केही वर्षयता कोरिया नेपाली कामदारहरूको मुख्य गन्तव्य मुलुक बनेको छ । यस वर्षको जुलाई अन्त्यसम्म कोरियामा नेपालीको सङ्ख्या ६९,४३८ रहेको छ, जसमध्ये कामदारको सङ्ख्या ५३,४८४ (इ ७) भिसा अर्थात् दक्ष कामदार ६,५५४ र रोजगार अनुमति प्रणाली (एपिएस) अन्तर्गत कामदारहरू अर्थात् (इ ९) भिसामा ४६,९३० रहेका छन्। यस्तै अध्ययनका लागि गएका विद्यार्थीको सङ्ख्या ६,३३४ रहेको छ।

नेपाल र कोरियाबीच परामर्श संयन्त्र स्थापना गर्न २००१ अक्टोबरमा विदेश मन्त्रालयहरूबीच सम्झौता भएको थियो। संयन्त्रले दुवै पक्षलाई द्विपक्षीय सम्बन्धका विभिन्न आयाममा छलफल गर्न र आगामी दिनमा द्विपक्षीय सहयोगलाई अझ प्रवर्द्धन गर्न योगदान दिएको छ। समय–समयमा संयन्त्रको बैठक बस्ने गरेको छ। दुवै देशबीच उच्चस्तरीय भ्रमणहरू भएका छन्। नेपालमा पनि कोरियाबाट उच्चस्तरीय भ्रमण भएका छन्। कोरिया गणतन्त्रबाट पनि सन् २००९ मा परराष्ट्रमन्त्री यु म्युंग–ह्वानसहित विभिन्न समयमा उप–परराष्ट्रमन्त्रीहरू, संसद्को माथिल्लो सदनका सभामुखलगायतको भ्रमण भएको छ।

**नेपालको आर्थिक समृद्धिमा कोरियाली सहयोग**

नेपालको आर्थिक समृद्धिमा कोरिया सरकारले महत्त्वपूर्ण सहयोग गर्दै आएको छ । कोरिया नेपालका शीर्ष पाँच लगानीकर्ताहरूमा पर्दछ । कोरियाली लगानीकर्ताहरूले नेपालमा मुख्यतः जलविद्युत्, निर्माण र सेवा क्षेत्रमा लगानी गरेका छन् । नेपालमा कोरियाली बहुराष्ट्रिय कम्पनी सामसङ र हुन्डाईले उत्पादन शुरु गरेका छन् । नेपाल र कोरियाबीच राजनीतिक, आर्थिक र सांस्कृतिक सम्बन्ध छ । दुई देशबीच कूटनीतिक सम्बन्ध स्थापनाको शुरुआती चरणदेखि नै अर्थतन्त्र, पूर्वाधार विकास र रोजगारलगायत क्षेत्रमा पारस्परिक सहयोग आदानप्रदान हुँदै आएको छ।

नेपाल र कोरियाबीच २३ जुलाई २००७ मा एपिएस सम्झौतामा हस्ताक्षर भएको थियो, जसले नेपाली कामदारलाई कोरियामा काम गर्ने प्रणालीको व्यवस्था गरेको छ । दुई देशबीच अनुदान सहायतासम्बन्धी फ्रेमवर्क सम्झौता, नेपाल–कोरिया आर्थिक/प्राविधिक सहयोगजस्ता द्विपक्षीय सम्झौतामा हस्ताक्षर भएको छ । त्यस्तै कोरिया गणतन्त्रले सन् १९७६ देखि नेपाललाई आफ्नो विकास सहयोग प्रदान गर्दै आएको छ । कोरियाले अनुदान सहायता र प्राविधिक सहयोग गर्दै आएको छ । कोरियाले मध्यमस्तरका प्राविधिक जनशक्ति स्वयंसेवकको रूपमा नेपालमा खटाउने गरेको छ।

नेपालले कोरियाबाट विभिन्न लाभ लिन सक्ने स्थिति छ। तर, हाम्रा नीतिगत र योजना कार्यान्वयनमा भएका समस्याका कारण सोचेजति लाभ लिन सकिएको छैन । खासगरी उच्चस्तरीय भ्रमण हुन नसक्नु, कोरियालीहरूले नेपालमा लगानीको इच्छा राखे पनि लगानी भित्र्याउन नीतिगत र लगानी वातावरण दिन नसक्नु तथा नेपालले सहकार्य गर्न खोजेको क्षेत्रबारे रणनीतिक योजना र स्पष्ट दृष्टिकोण दिन नसक्दा पनि सोचेजस्तो लगानी भित्र्याउन सकिएको छैन।

**आगामी मार्गचित्र**

दुई सार्वभौम मुलुकबीच संवाद र सहयोगलाई सहज बनाउन राजदूतले कूटनीतिक सहजकर्ताको रूपमा काम गर्नुपर्दछ । राजदूत विदेशी राष्ट्रहरूमा कूटनीतिक प्रतिनिधि हुन्, उनीहरूको काम दुई देशबीच सकारात्मक सम्बन्ध कायम राख्न मदत गर्ने हो । नेपाल सरकारले मलाई गणतन्त्र कोरियाको राजदूतको जिम्मेवारी दिंदै गर्दा दुई देशबीचको कूटनीतिक सम्बन्धलाई अझै व्यवस्थित र उचाइमा पुऱ्याउन मेरा केही प्राथमिकताहरू रहेका छन्।

**क. उच्चस्तरीय भ्रमणमा जोड :** नेपाल र कोरियाबीच कूटनैतिक सम्बन्ध स्थापना भएको स्वर्ण वर्षको अवसर पारेर दुई मुलुकबीचको सम्बन्धलाई थप दरिलो बनाउन र कोरियाबाट विकासका लागि ज्ञान, प्रविधि र लगानी भित्र्याउन उच्चस्तरीय भ्रमण गराउन सकिन्छ । दुई देशबीचको सम्बन्धलाई थप प्रगाढ बनाउन उच्चस्तरको भ्रमण आदानप्रदान अपरिहार्य हुन्छ । साथै, कोरियाली लगानीकर्तासँग नियमित भेटघाट, सम्पर्क र उनीहरूको नेपालमा लगानीप्रतिको विश्वास बढाउन नेपालबाट सरोकारवाला मन्त्री वा उच्चस्तरीय अधिकारीहरूको नियमित भ्रमण हुनु आवश्यक देखिन्छ।

**ख. नेपालमा लगानी तथा निर्यात वृद्धिः**

नेपाल र कोरियाबीच बढ्दो व्यापार असन्तुलन कम गर्न द्विपक्षीय लगानीसम्बन्धी साझेदारीमा जोड दिनुपर्ने अवस्था छ। कोरियाबाट नेपालतर्फ हुने आयातको तुलनामा नेपालको निर्यात निकै कम रहेकोले व्यापार सन्तुलन कायम गर्न नेपालमा कोरियाली लगानी आवश्यक छ । ऊर्जा, पर्यटन, कृषि, सूचना प्रविधिजस्ता क्षेत्रमा लगानी साझेदारी बढाउन सकिन्छ । नेपाली अर्थतन्त्रको मेरुदण्ड पनि ऊर्जा, कृषि, पर्यटन नै प्रमुख हो।

नेपाल उद्योग वाणिज्य महासङ्घका अनुसार ३५० भन्दा बढी कोरियालीले नेपालमा उद्यम गरिरहेकाले नेपालमा लगानी वातावरण बनाउन सम्भव देखिएको छ । कृषिमा यन्त्रीकरणका लागि पहल गरिने छ। कृषि उत्पादनका लागि आवश्यक कारखाना, मल उत्पादन एवं सूचना प्रविधिमा लगानीका लागि अधिकतम पहल गर्नेछु। नेपालमा लगानी गर्न इच्छुक मझौला उद्योगहरूलाई सहजीकरण गर्ने तथा नेपालको निजी क्षेत्रसँग समन्वयको कार्य गर्नेछु । चक्रपथसहित सडक निर्माण, ठूला पूर्वाधारलगायत सूचना प्रविधिको क्षेत्रमा, फोहोर व्यवस्थापन, अर्गानिक मल उत्पादन कारखाना खोल्नेलगायत विषयमा सहयोगको प्रस्ताव लैजाने योजना बनाएकी छु।

नेपाल कोरियाको सहायता सूचीमा रहेकोले आर्थिक सहयोग विकास कोष (इडिसिएफ) मार्फत प्राप्त हुने रकम न्यून ब्याजमा लिने र यहाँको पूर्वाधार क्षेत्रमा लगानी गर्न मेरो पहल रहने छ। कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका)को लगानीलाई अझै व्यापक र विस्तार गर्न सकिन्छ । नेपाली उत्पादनहरूको माग, प्रतिस्पर्धा र बजारको अवस्था अध्ययन गर्दै निर्यात गर्न सकिने उत्पादनहरूको पहिचान तथा नेपालका कृषिजन्य उत्पादन तथा हस्तकलाका सामग्रीको निर्यात सम्भावना बढिरहेकोले ती सामग्रीको प्रवर्द्धनका लागि आवश्यक पहलको खाँचो छ । दुई देशबीच भएका व्यापार सम्झौताको कार्यान्वयन, भन्सार प्रक्रियाको सहजीकरण, व्यावसायिक भ्रमणको आयोजना गर्नुपर्नेछ।

**ग. पर्यटन प्रवर्द्धन :**

लुम्बिनीलाई विश्व शान्ति केन्द्र बनाउन सकिएमा यहाँ पाँच सय मिलियन बौद्धमार्गीको आस्थाको केन्द्र बनाउने लक्ष्यसहित कम्तिमा ०.५ प्रतिशत बौद्धमार्गीलाई नेपाल ल्याउन सकिन्छ। लुम्बिनीलाई विश्व शान्ति शहरको रूपमा विकास गर्न कोरियन प्रोफेसर डा. क्वाक योङ हुनले तयार पारेको गुरुयोजना कार्यान्वयनको खाँचो छ। अत्याधुनिक शहरको परिकल्पना गरिएको उक्त गुरुयोजनाले लुम्बिनीलाई शान्ति र आध्यात्मिकसँगै अत्याधुनिक शहरको रूपमा विकास गर्ने उल्लेख छ । दुवै देशमा बौद्ध धर्मका आदर्शहरूमा आधारित सांस्कृतिक मूल्यहरूको समानता छ।

नेपाल कोरियाली पर्यटकहरूको लागि सबैभन्दा रुचाइएको गन्तव्यमध्ये एक हो। सगरमाथा र बुद्धको जन्मस्थल लुम्बिनी कोरियाली पर्यटकहरूको लागि मुख्य आकर्षण हुन्। हाल कोरियाबाट नेपाल भित्रिने पर्यटक सङ्ख्या १० औं स्थानमा छ। सन् २०२३ मा २३,७४३ र कोरोना महामारी अघि ४७ हजारभन्दा बढी कोरियाली पर्यटकले नेपाल भ्रमण गरेका थिए । साहसिक पर्यटन र परोपकारी गतिविधिमा कोरियाली नागरिकको ठूलो योगदान रहेको छ । झन्डै दुई करोड कोरियाली नागरिकले विदेश भ्रमण गर्ने गरेकामा नेपालमा ३० हजार मात्र आउने गरेका छन्। तथ्याङ्क अनुसार कोरियाली नागरिकले सन् २०२३ मा विदेशमा क्रेडिट कार्डबाट मात्रै १४.३२ बिलियन अमेरिकी डलर खर्च गरेका छन् । त्यो भनेको नेपालको वार्षिक बजेट बराबर हो । तर, नेपालमा त्यसको नगण्य मात्र भित्रिएको अवस्था छ।

नेपालमा बढीभन्दा बढी दक्षिण कोरियाली पर्यटक भित्र्याउन काठमाडौं–कोरिया सीधा उडान जरुरी छ । कोरियाली पर्यटकको आगमन दर बढाउन नेपाल वायुसेवा निगमको काठमाडौं–कोरिया सीधा उडानबाट

(बाँकी पाँचौं पातामा)



**रसुवाको गतलाङस्थित कालो गाउँ**: रसुवाको गतलाङस्थित कालो गाउँ । पर्वतीय कुण्ड अवलोकन गर्न यस गाउँमा बाह्य तथा आन्तरिक पर्यटक आउने गर्छन् । तस्बिरः ज्ञानेन्द्र न्यौपाने/रासस

## फरक समाचार

# सुखी घरपरिवारको लागि सरल नियम

प्रेम, आफ्नोपन र शान्तिको अनुभूति यो सपनाको घरपरिवारको पहिचान हो । यस्तो घरपरिवार जहाँ हरेक सदस्यले खुलेर आफ्नो विचार व्यक्त गर्न सक्छ, हरेक गलती माफ गरिन्छ र हरेक खुशी बाँडिन्छ। घरलाई 'सपनाको घर' बनाउन परिवारका सबै सदस्यले केही बानी र नियम अँगाल्नुपर्छ । यी नियमले सम्बन्ध बलियो बनाउने मात्र होइन, घरको वातावरणलाई पनि रमाइलो र सकारात्मक बनाउँछ। यस्तो परिवारमा बालबालिकाको मानसिक र शारीरिक विकास पनि राम्रो हुन्छ। सपनाको घर बनाउन केही नियम पालना गर्नुपर्छ।



**कुरा सुन्ने बानी :** घरमा यस्तो वातावरण हुनुपर्छ कि प्रत्येक सदस्यले खुलेर आफ्नो विचार व्यक्त गरोस् र सबैले उसको कुरा ध्यानपूर्वक सुनून् । विनाअवरोध आफ्नो विचार व्यक्त गर्नेलाई अन्याय गर्नुहुँदैन। यस्तो बानीले पारिवारिक सम्बन्ध बलियो हुन्छ।

**सत्यलाई प्राथमिकता :** घरका हरेक सदस्यबीच पारदर्शिता कायम राख्ने प्रयास गर्नुपर्छ। यदि बच्चाले केही गलती गरेको छ भने उसलाई गाली गर्नुको सट्टा उसको कुरा सुन्ने र सही–गलत बताउनुपर्छ। घरका सानो होस् या ठूलो सबैसँग हरेक विषयमा इमानदारीपूर्वक कुरा गऱ्यौं भने बालबालिकाले पनि सत्य बोल्छन् र आपसी विश्वास बढ्छ।

**गलतीमा वकालत गर्नुहुँदैन :** हरेक मानिसले गलती गर्छ। गलती गरेको छ भने वकालत गर्नुहुँदैन। माया–प्रेम र समझदारीका साथ सही बाटो देखाउनुपर्छ। गलतीमा वकालत गर्दा सम्बन्धमा दूरी सिर्जना हुन्छ।

**एक अर्कालाई उत्प्रेरित गर्नुस् :** यदि परिवारका सदस्यले केही राम्रो गरेको छ वा राम्रो गर्ने कोशिश गर्छ भने उसको प्रयासको प्रशंसा गर्नुहोस् । यसले आत्मविश्वास बढ्छ र घरको वातावरण सकारात्मक रहन्छ।

**हरेक दिन सँगै समय बिताउने :** दिनमा केही समय निश्चित गर्नुहोस् जब सबै सदस्यहरू सँगै हुन्छन्। जस्तै बेलुकीको खाना वा साँझको चिया परिवारका सबै सदस्यहरूसँग बसेर खानुस्। यो परिवारलाई सँगै ल्याउने उत्तम तरीका हो। यस समयमा जुन कुरामा बहस वा असहमति हुन सक्छ त्यसलाई बेवास्ता गर्नुपर्छ।

**एकअर्काको आवश्यकता बुझ्नुहोस् :** हरेक सदस्यको फरक–फरक आवश्यकता हुन्छ। त्यसलाई बुझ्ने र सम्मान गर्ने प्रयास गर्नुपर्छ। यस्ता कुरा तपाईंको लागि महत्त्वपूर्ण नहुन सक्छ, तर घरका अन्य सदस्यको लागि यो खुशी र महत्त्वपूर्ण विषय हुन सक्छ।

**प्रतिबन्धहरू घटाउनुस् :** विनाकारण सबै कुरामा प्रतिबन्ध लगाउनाले घरको वातावरण बोझिलो बन्न सक्छ। बालबालिका र वयस्कहरूलाई उनीहरूको उमेर र समझ अनुसार स्वतन्त्रता दिनुपर्छ। यदि तपाईंले बच्चा वा अन्य सदस्यलाई सधैं अवरोध गरिरहनुभयो भने उसको मनमा तपाईंप्रति रिसको भावना उत्पन्न हुन्छ।

**मतभेदको शान्तिपूर्ण समाधान :** घरमा कुनै पनि प्रकारको झगडा भएको छ भने कराएर वा होहल्ला गरेर समाधान गर्नुहुँदैन । यदि तपाईं भावुक र क्रोधित हुनुहुन्छ भने केही समय विश्राम लिनुहोस्। आफूलाई शान्त पार्नुहोस्। र झगडाको हल वार्ताको माध्यमबाट समाधान गर्ने प्रयास गर्नुहोस्।

**भावनाहरू साझा गर्नुहोस्:** आफ्नो खुशी, दुःख, क्रोध र डरजस्ता भावना परिवारसँग साझा गर्नुहोस्। यसले सम्बन्धमा थप गहिराइ ल्याउँछ।

**कृतज्ञता व्यक्त :** हरेक दिन परिवारसँग बिताएको समय र उनीहरूको योगदानको लागि कृतज्ञता व्यक्त गर्नुहोस् । चाहे त्यो पत्नी होस्, आमाबुबा वा सन्तान नै किन नहोस्।

यी नियमहरू पालना गर्नुभयो भने तपाईंको घर साँच्चैको सपनाको घर बन्न सक्छ । प्रेम र समझदारी नै सपनाको घरपरिवारको वास्तविक आधार हो।

# रातिको खाना खाएपछि के गर्ने ?

रातिको खानापछि तुरुन्तै सुत्ने बानी छ भने सावधान रहनुहोला। भारतको सुपर स्पेशलिटी अस्पताल रेवाका सुपरिटेन्डेन्ट डा अक्षय श्रीवास्तव खराब जीवनशैली र खानपानका कारण मोटोपना र अन्य गम्भीर स्वास्थ्य समस्या तीव्र गतिमा बढिरहेको बताउँछन्। जीवनशैलीमा परिवर्तन र उचित खानपानको नियम पालना गरेर यी समस्याबाट बच्न सकिन्छ।



डाक्टर श्रीवास्तवका अनुसार रातिको खानापछि तुरुन्तै सुत्दा रगतमा चिनीको मात्रा असामान्य रूपमा बढ्न सक्छ। यसले मोटोपना, मधुमेह र हृदय रोगजस्ता गम्भीर रोगहरूको जोखिम पनि बढाउन सक्छ । जब हामी सुत्छौं, हाम्रो शरीरले आराम र रिकभरीमा ध्यान दिन्छ र पाचन प्रक्रिया सुस्त हुन्छ। यसले पाचन प्रक्रियामा बाधा निम्त्याउँछ, जुन तौल बढ्नुको मुख्य कारण बन्न सक्छ।

**अपच र एसिड रिफ्लक्स :** खाना खाएपछि तुरुन्तै सुत्दा पेटको एसिड अन्ननली माथि जान्छ। यसले अपच र एसिड रिफ्लक्सको समस्या निम्त्याउँछ, जसले घाँटी पोल्ने र असहजता निम्त्याउँछ।

**निद्राको गुणस्तरमा प्रभावः** धेरै खाना खाएपछि सुत्दा पाचन प्रणालीले थप कडा काम गर्छ, जसले शरीरको तापक्रम बढ्छ। यसले निद्राको गुणस्तरलाई असर गर्न सक्छ र रातभरि बेचैनी महसूस गराउन सक्छ।

**चयापचयमा प्रभाव :** राति खाना खाएपछि तुरुन्तै सुत्दा मेटाबोलिज्म सुस्त हुन्छ। समय बित्दै जाँदा यसले तौल बढ्ने र मेटाबोलिक सिन्ड्रोमजस्ता समस्या निम्त्याउन सक्छ।

**खाना खाएपछि के गर्ने :** रातिको खाना खाएपछि ३० मिनेट पैदल हिड्नुपर्छ। यसले पाचन सुधार गर्छ र रगतमा चिनीको मात्रा नियन्त्रण गर्छ।

राति हलुका र सन्तुलित आहार खानुपर्छ। धेरै खाना र तेलयुक्त खाना खानु हुँदैन। रातिको खाना खाएपछि कम्तीमा तीन–चार घण्टाको अन्तरमा सुत्नुपर्छ। सुत्नु अघि आरामदायी स्थितिमा बसेर पानी पिउनुपर्छ । डा. श्रीवास्तवका अनुसार मोटोपनाबाट बच्न जीवनशैलीमा सुधार आवश्यक छ। खानेकुरालाई नियन्त्रण गरेर मात्र पुग्दैन, सही समयमा खाना खाने र नियमित शारीरिक क्रियाकलाप गर्नुपर्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# अजरबैजान विमान दुर्घटनामा ३० भन्दा बढीको मृत्यु

कजाकिस्तान, १० पुस/एएफपी

अजरबैजान एअरलाइन्सको यात्रुवाहक विमान पश्चिमी कजाकिस्तानमा बुधवार दुर्घटनाग्रस्त भएको छ।


तस्वीरः रासस

हावाहुरीका कारण निर्धारित गन्तव्यमा जान नसकेपछि मार्गबाट चिप्लिएर दुर्घटनाग्रस्त भएको अधिकारीहरूले बताएका छन्।

कजाकिस्तानका अधिकारीहरूले बाकुबाट रूसको ग्रोज्नीका लागि उडेको एम्ब्रेयर १९० विमान क्यास्पियन सागरको पूर्वी किनारामा तेल र ग्याँसको केन्द्र अक्टाउ शहरनजीकै दुर्घटना भएको बताएका छन्।

कजाकिस्तानका अधिकारीले विमानमा रहेका ३० भन्दा बढी यात्रीको मृत्यु भएको हुन सक्ने बताएका छन्। मृतकको सङ्ख्या अझै औपचारिकरूपमा पुष्टि हुन सकेको छैन।

विमानमा ६२ यात्री र पाँचजना चालक दलका सदस्य थिए भने २८ जनालाई जीवितै उद्धार गरी उपचारका लागि अस्पताल पठाइएको छ।

उक्त विमान अजरबैजानको राजधानी बाकुबाट क्यास्पियन नदीको पश्चिमी किनारमा रहेको दक्षिणी रूसको चेचन्यास्थित ग्रोज्नी शहरका लागि उडेको थियो।

विमान दुर्घटनापछि अजरबैजानका राष्ट्रपति इल्हाम अलियेभले पूर्वसोभियत राष्ट्रहरूको समूह 'कमनवेल्थ अफ इन्डिपेन्डेन्ट स्टेट्स'का नेताहरूको अनौपचारिक शिखर सम्मेलनमा भाग लिन रूसको भ्रमणको कार्यक्रम छोटयाएको उनको कार्यालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

कजाकिस्तानको यातायात मन्त्रालयले टेलिग्राममा भनेको छ, "बाकु-ग्रोज्नी हवाईमार्गमा उडेको एउटा विमान अक्ताउ शहरनजीकै दुर्घटनाग्रस्त भएको छ। यो अजरबैजान एयरलाइन्सको हो।"

अजरबैजानको राष्ट्रिय ध्वजावाहक एयरलाइन्सका अनुसार विमानमा ६२ जना यात्री र पाँचजना चालक दलका सदस्य थिए।

विमान अक्ताउबाट करीब तीन किलोमिटर टाढा आपत्कालीन अवतरण गरिएको बताइएको छ।

विमानमा अजरबैजानका ३७ जना, कजाकिस्तानका छजना, किर्गिस्तानका तीनजना र रूसका १६ जना रहेको कजाकिस्तानको यातायात मन्त्रालयले जनाएको छ।

कजाकिस्तानको आकस्मिक व्यवस्था मन्त्रालयले विमान दुर्घटना हुँदा लागेको आगो आफ्ना कर्मचारीले नियन्त्रणमा लिएको जनाएको छ।

"प्रारम्भिक जानकारी अनुसार विमानमा सवार दुई बालबालिकासहित २८ जनालाई अस्पताल भर्ना गरिएको छ," मन्त्रालयले भनेको छ।

घटनास्थलमा १५० भन्दा बढी तालीमप्राप्त कर्मचारी उद्धारका लागि जुटेका छन्।

कजाकिस्तानको राजधानी अस्तानाबाट घाइतेको उपचारका लागि विशेषज्ञ चिकित्सकसहितको विशेष विमान पठाउन लागिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

अलियेभको कार्यालयले भनेको छ, "राष्ट्रपतिले विपत्तिको कारण पत्ता लगाउन तत्काल कदम चाल्न निर्देशन दिनुभएको छ।"

स्थानीय स्वास्थ्य अधिकारीहरूले यस अघि दिएको जानकारीमा १४ जना घाइतेलाई क्षेत्रीय अस्पतालमा लगिएको र पाँचजनालाई सघन उपचार कक्षमा राखिएको बताएका थिए भने स्थानीय सञ्चारमाध्यमले विमानमा सवार २५ जनालाई जीवितै उद्धार गरिएको र पाँचजनाको स्वास्थ्य अवस्था गम्भीर रहेको उल्लेख गरेका थिए। रासस

# पोप फ्रान्सिसद्वारा 'जयन्ती वर्ष-२०२५' को शुभारम्भ

भ्याटिकन सिटी, १० पुस/एएफपी

पोप फ्रान्सिसले क्रिसमसको पूर्वसन्ध्यामा सेन्ट पिटर्स बेसिलिकाको 'पवित्र ढोका' खोल्दै क्याथोलिक उत्सवको 'जयन्ती वर्ष-२०२५'को शुभारम्भ गरेका छन्।

पाप, ऋण र विश्वव्यापी क्षमाको विशेष वर्ष मानिने 'जुबली वर्ष'मा दास र कैदीहरूलाई मुक्त गरिनुका साथै ऋण माफी गर्ने क्रिश्चियन समुदाय वा मुलुकहरूमा प्रचलन रहेको छ। उनीहरूले यो वर्षलाई परमेश्वरको कृपा हुने विशेष वर्षको रूपमा विश्वास गर्छन्।

हालै रुघाखोकीबाट पीडित ८८ वर्षीय पोपलाई ह्वीलचेयरमा राखी काँसको विशाल ढोकासम्म पुऱ्याइएपछि उनले ढोका ढक्ढक्याएको र ढोका खुलेको थियो। ढोका खोल्नुलाई पाप वा ऋणबाट मोक्ष पाउने कुरासँग जोडेर पनि हेर्ने गरिन्छ।

सेन्ट पिटर्स स्क्वायरको बाहिर क्षेत्रमा हजारौं विश्वासीहरूले 'स्क्रिन'मा हेरेको समारोहमा अर्जेन्टिनी धर्मगुरु ढोकाबाट छिरे र जुलूसमा सहभागी भए, त्यसपछि भ्याटिकन बेसिलिकाको घण्टी बज्यो।

अर्को १२ महीना क्याथोलिक तीर्थयात्रीहरू ईँटाको गेट (ढोका) हुँदै आवतजावत गर्नेछन्। परम्परागतरूपमा काँसबाट बनेको ढोकाबाट छिर्नु वा छिर्न पाउनुलाई धार्मिकरूपमा विशेष लाभान्वित हुने विशेष अवसर (उनीहरूको पापबाट क्षमा) पाउने अवसरका रूपमा हेरिन्छ।

पवित्र प्रदर्शनपछि पोप फ्रान्सिसले सेन्ट पिटर्समा 'क्रिसमस इभ' सभाको अध्यक्षता गरेका छन्।

सभामा उनले विश्वमा वर्षभरि भएका युद्धलाई सम्झँदै भने, "हामी युद्धमा मेशीनगनका आवाज र विस्फोटले त्रस्त समाजका साथै विद्यालय र अस्पतालहरूमा भएको आक्रमणप्रति दुःखी छौं।"

गाजामा इजरायलले गरेको आक्रमणको 'क्रूरता'को निन्दा गरेका पोपप्रति इजरायली समुदायबाट आक्रोशित प्रतिक्रिया आएको थियो।

उनले आफ्नो परम्परागत क्रिसमस डे आशीर्वाद, उर्बी एट ओर्बी (शहर र संसार) विषयमा बुधवार मध्याह्न सम्बोधन गरेका थिए।

जर्मनीको क्रिसमस बजारमा शुक्रवार भएको कार आक्रमणपछि भ्याटिकन र रोममा हुने जुबली समारोहका लागि करीब ७०० सुरक्षाकर्मी परिचालन गरिएको थियो।

रोमका धेरै भागलाई क्रिसमसको तयारीको लागि सिङ्गारिएको छ। 'ट्रेभी फाउन्टेन र पोन्टे सेन्ट एन्जेलो' जस्ता स्मारकहरू सफा गरिएका छन् र यातायातको चापलाई व्यवस्थित गर्न सूचना जारी गरिएका छन्।

कुन्जी जुबली परियोजनाहरू महीनौंको कामपछि पछिल्ला केही दिन अघि मात्र समाप्त भएका थिए। वर्षभरि नै शहरका धेरै भागमा भवन तथा अन्य निर्माणका काम भएका छन्।

भ्याटिकनको छेउमा रहेको पियाजा पियामा सोमवार नयाँ सडक सुरुङको उद्घाटन गर्दै प्रधानमन्त्री जियोर्जिया मेलोनीले यो परियोजना समयमैं सम्पन्न गर्न 'सानो नागरिक चमत्कार' गरेको बताएका छन्।

आगामी केही दिनमा रोमका तीन प्रमुख बेसिलिका र विश्वभरका क्याथोलिक चर्चहरूमा पवित्र ढोकाहरू खोलिनेछन्।

पोप फ्रान्सिसले बिहीवार रोमको रेबिबिया कारागारको पवित्र ढोका खोल्नेछन् र कैदीहरूको समर्थनमा एक सामूहिक प्रार्थनासभाको अध्यक्षता गर्नेछन्। रासस

# इरानले ह्वाट्सएप, गूगल प्लेमाथिको प्रतिबन्ध हटायो

तेहरान, १० पुस/एएनआई

इरानी अधिकारीहरूले आधिकारिकरूपमा ह्वाट्सएप र गूगल प्ले स्टोरबाट प्रतिबन्ध हटाएका छन्। यसले देशको इन्टरनेट प्रतिबन्धहरूमा महत्त्वपूर्ण परिवर्तन गरेको छ। शीर्ष सरकारी अधिकारीहरूसँगको बैठकपछि आएको यो निर्णयले केही समयका लागि प्रमुख विश्वव्यापी प्लेटफर्महरूमा पहुँच प्रतिबन्धित इन्टरनेट नाकाबन्दीलाई सहज बनाउने दिशामा नयाँ कदमको सङ्केत गर्छ।

तीनै तहका सरकारका प्रमुख, मन्त्री र सर्वोच्च परिषद्का सदस्यहरूको सहभागितामा मङ्गलवार बसेको बैठकमा इन्टरनेट सुशासन र प्रतिबन्धसम्बन्धी नीतिको पुनरावलोकन र समायोजन गर्ने विषयमा छलफल भएको थियो।

सम्बन्धित अधिकारीहरूको मूल्याङ्कनको प्रस्तुतीकरणपछि काउन्सिलले अवस्थित इन्टरनेट प्रतिबन्धहरूमा परिवर्तनहरूलाई अनुमोदन गऱ्यो।

इरानका सूचना तथा सञ्चार प्रविधि मन्त्री सत्तार हाशेमीले भने, "आज हामीले एकता र सहयोगका साथ इन्टरनेट प्रतिबन्ध हटाउनेतर्फ पहिलो कदम चालेका छौं। यस प्रयासको लागि म अध्यक्ष, सञ्चारकर्मी र कार्यकर्ताहरूप्रति कृतज्ञता व्यक्त गर्छु।"

इस्लामिक रिपब्लिक न्यूज एजेन्सी (आइआरएनए)का रिपोर्ट अनुसार प्रतिबन्धहरू हटाउने कदम इरानी सरकारको डिजिटल परिदृश्य प्रबन्ध गर्नको लागि व्यापक दृष्टिकोण अनुरूप छ। यसले नियमन गरिएको साइबर स्पेस शासनको महत्त्वलाई जोड दिन्छ।

इन्टरनेट प्रतिबन्धहरू हटाउने राष्ट्रपति मसूद पेजेस्कियानले आफ्नो राष्ट्रपति अभियानको क्रममा गरेका प्रमुख प्रतिज्ञाहरूमध्ये एक थियो। रासस


**निलगिरि हिमाल**: मौसम खुलेसँगै मुस्ताङ जिल्ला घरपझोङ गाउँपालिका-३ स्याउगाउँबाट देखिएको निलगिरि हिमाल। तस्बिरः सुशीलबाबू थकाली/रासस

# सीमा क्षेत्रमा स्थानीय प्रशासनको अनुगमन

जलेश्वर, १० पुस/रासस

भारतसँग सीमा जोडिएका महोत्तरीका सीमानाकामा स्थानीय प्रशासनले अनुगमन बढाएको छ।

सीमा क्षेत्रमा आपराधिक गतिविधि हुन नदिन जिल्ला प्रशासन कार्यालयको अगुवाइमा अनुगमन थालिएको हो। मङ्गलवार प्रमुख जिल्ला अधिकारी लालबाबू कवारी नेतृत्वको टोलीले अनुमतिपत्र नलिई सञ्चालन भएका मदिरालगायत सामग्री बेच्ने पसल बन्द गराइएको बताइएको छ।

भारतको बिहार राज्यमा मदिरा प्रतिबन्ध भएका कारण नेपाल-भारत सीमा क्षेत्रमा मदिराको अवैध कारोबार बढेको स्थानीयको गुनासो बढेपछि स्थानीय प्रशासनले अनुगमन थालेको हो।

सीमा क्षेत्रका मटिहानी, पर्सा पतैली, मलिवाडा भिठामोड, थरुवाही, नैन्ही, मरुवाही, बथनाहा, सम्सी, रघुनाथपुर, कटीकटैयामा स्थानीय प्रशासनले अब निरन्तर अनुगमन गर्ने जनाएको छ। अनुगमन टोलीमा जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी, बल, राष्ट्रिय अनुसन्धान विभाग, करदाता सेवा कार्यालयका अधिकारीहरू थिए।

# गहवामाईमा तुलसीपूजा

प्रस, वीरगंज, १० पुस/

तुलसी दिवसको अवसरमा नेपाल जनता पार्टी पर्साले गहवामाई मन्दिर प्राङ्गणमा तुलसी रोपण तथा पूजापाठ कार्यक्रम गरेको छ।

नेपाल जनता पार्टी पर्साका अध्यक्ष अनिल पटेलको अध्यक्षता भएको सो कार्यक्रममा केन्द्रीय नेता सन्तोषानन्द महाराज, विनोद पटेल, पारस द्विवेदीलगायतले गहवामाई मन्दिर प्राङ्गणमा तुलसी रोपेर पूजापाठ गरेका थिए।

## नेपाल-कोरिया...

उल्लेखनीय कोरियाली पर्यटक नेपाल भित्र्याउन सकिन्छ। कोरियन एयरले सोल-काठमाडौं हप्ताको तीनदेखि चार उडान गर्ने र भाडासमेत महँगो भएका कारण पर्यटक आवागमनमा कमी आएको छ। कोरियन एयरसँग प्रतिस्पर्धा गर्न सक्षम बनाउन, कोरियन पर्यटकलाई नेपाल भित्र्याउन, नेपाली नागरिकका लागि सस्तो मूल्यमा कोरिया उडान हुने वातावरण तयार गर्न नेपाल वायुसेवाको उडान अनिवार्य शर्त हो। उडान सञ्चालन भएमा कामदारको भाडा कम हुने, पर्यटकको सङ्ख्या बढ्ने तथा नेपाल वायुसेवा निगमको व्यापार बढ्ने छ।

**घ. श्रम तथा रोजगार :**

दक्षिण कोरिया नेपाली श्रमिकको आकर्षक रोजगार गन्तव्य मुलुक हो। इमानदार र मेहनती श्रमिकको मान्यता पाएका नेपाली श्रमिकको छवि कोरियामा राम्रो देखिएको छ। करार अवधि सकिएसँगै स्वदेश फर्कने, अवैधानिक बसोवास नगर्ने कारणले पनि नेपाली कामदार कोरियाली रोजगारदाताको रोजाइमा छन्। यसका कारण इपिएसमा नेपाली श्रमिकको कोटा बर्सेनि वृद्धि हुँदै आएको छ। इपिएस प्रणालीमा नेपालले दर्शाएको निष्पक्षतालाई अझै प्रचार गर्दै कामदारको कोटा वृद्धिका लागि आवश्यक पहल लिनेछु। मानसिक तनाव, कामको चाप, खानपिन, हावापानीलगायत कारण कोरियामा रहेका नेपाली डिप्रेशनको शिकार, मानसिक तनाव तथा आत्महत्याको घटना न्यूनीकरणका लागि तनाव व्यवस्थापनका कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्ने देखिएको छ।

**ङ शिक्षा :** दक्षिण कोरियामा अध्ययन गर्न जाने विदेशी विद्यार्थीको सङ्ख्यामा वृद्धि भएसँगै त्यहाँको सरकारले भिसा नीतिमा कडाइ गरेको छ। नेपाली युवायुवतीलाई पनि विद्यार्थी भिसामा कामको लोभ देखाउँदै कोरिया लैजाने प्रवृत्तिविरुद्ध आवश्यक रणनीति निर्माण गर्नुपर्नेछ। नेपाली विद्यार्थीलाई सीप सिकेर स्वदेश फर्कन र नेपालमैं उद्यम गर्ने वातावरण निर्माण गर्ने विशेष भूमिका निर्वाह गर्नेछु।

**च. संसदीय आदानप्रदान :**

दक्षिण कोरियाली संसद्ले नेपालसम्बन्धी संसदीय मैत्री समूह गठन गरिसकेको छ भने नेपालको सङ्घीय संसद्ले पनि नेपाल कोरिया मैत्री समूह निर्माण गरेको छ। मैत्री समूहमार्फत संसदीय कूटनीतिका लागि आवश्यक पहल गर्नुपर्ने देखिन्छ। नेपाललाई कोरियाली नीति निर्माता र बौद्धिक समूहसँग जोड्न आवश्यक छ। महत्त्वपूर्ण निकाय ( सरकारी कार्यालय, विश्वविद्यालय, बौद्धिक समूह, स्थानीय सरकार, सङ्घसंस्थाको सहकार्यमा सहजीकरण गरेर बलियो समन्वय स्थापित गर्ने मेरो पहल रहने छ। कोरियाले अनुसन्धान र विकासका क्षेत्रमा हासिल गरेको उपलब्धिबाट धेरै कुरा सिक्न सकिन्छ।

**छ. प्रविधि र नवप्रवर्तन :**

दक्षिण कोरिया विश्वभरि प्रविधिको क्षेत्रमा अत्यन्त उन्नत र प्रभावशाली देशको रूपमा चिनिन्छ। सामसङ, एलजीदेखि अटोमोबाइलको उत्पादनमा पनि कोरिया अग्रपङ्क्तिमा छ। आर्टिफिसियल इन्टेलिजेन्स (एआई) लगायत प्रविधिको विकास र प्रयोगमा कोरिया अग्रणी छ। रोबोटिक्स र अन्य आधुनिक प्रविधिमा व्यापक लगानी छ। प्रविधि नवप्रवर्तन र दीर्घकालीन प्रविधि विकासमा कोरियाली लगानी र भित्र्याउन सकिएमा नेपालको समृद्धिमा ठूलो योगदान पुग्नेछ।

अन्त्यमा, राजदूतले सिङ्गो राष्ट्रको प्रतिनिधित्व गर्ने भएकाले पदमा रहँदा नेपालको इज्जत, गरिमा वृद्धि गर्न इमानदार भएर कर्तव्य निर्वाह गर्नु मेरो कर्तव्य हुनेछ। राजदूतको सफलता त्यस देशको सरकार, नागरिक समाज र प्रबुद्ध वर्गसँग गरिने अन्तर्क्रियामा समेत निर्भर रहने गर्दछ। दक्षिण कोरियामा नेपालप्रतिको चासो वृद्धि गर्न, अन्तर्राष्ट्रिय सम्बन्ध विकसित गर्न भूमिका निर्वाह गर्ने मेरो प्रतिबद्धता रहेको छ।

-प्रस्तुत विचार दक्षिण कोरियाका लागि नवनियुक्त राजदूत डा तुम्बाहाम्फेसँग गरिएको कुराकानीमा आधारित छ।

## आजको राशिफल

| | |
|---|---|
| मेष — व्यापारवृद्धि | वृष — शत्रुभय |
| मिथुन — कार्यनाश | कर्कट — भयचिन्ता |
| सिंह — राज्यलाभ | कन्या — धनखति |
| तुला — सुयश | वृश्चिक — अलमल |
| धनु — धनलाभ | मकर — सफलता |
| कुम्भ — अलमल | मीन — रोगभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## बोरा ...

शिक्षकले सात वर्षदेखि तलब नपाएर काम गरिरहेको गुनासो गरेका छन्। विसं २०७५ असोज ६ गते राहत दरबन्दीमा नियुक्त भएको तर हालसम्म एक रुपियाँ तलब नपाएको शिक्षक रामप्रवेश बैठा धोबी बताउँछन्। फतुवा विजयपुर नगरपालिकाका शिक्षा शाखा प्रमुख सञ्जय यादवले तलब दिने आश्वासन दिएको तर कहिले पाउने हो टुङ्गो नभएको शिक्षक धोबीले बताएका छन्। सोही विद्यालयका प्रधानाध्यापक हीरालाल यादवले भने विद्यालयमा राहत दरबन्दी नै नभएको जानकारी दिएका छन्। फतुवा विजयपुर नगरपालिका-१ का अध्यक्ष विजयकुमार यादवले चाँडै अर्को ठाउँमा सो विद्यालयका लागि जमीन खरीद गर्ने जानकारी दिएका छन्। वडाध्यक्ष यादवले जमीन खरीद गरेर भवन बनाउने प्रतिबद्धता व्यक्त गरेका छन्।





पर्सागढी नगरपालिका वडा नं १ स्थित कोइलाभारमाई मन्दिर परिसरमा फैलिएको फोहोर । तस्वीरः प्रमोद यादव

# खेलकूदको संसार

## श्रीपुर पंचगावाँलाई पराजित गर्दै सिद्धपुर सेमिफाइनलमा

प्रस, पर्सागढी, १० पुस/

सखुवाप्रसौनी गाउँपालिका–१ सिद्धपुरमा जारी चौथो सिद्धपुर गोल्डकप प्रतियोगिता अन्तर्गत बुधवार भएको पहिलो क्वार्टरफाइनल खेलमा आयोजक सिद्धपुरले श्रीपुर पंचगावाँलाई पराजित गर्दै सेमिफाइनलको यात्रा सुरक्षित गरेको छ ।



सखुवाप्रसौनी गापा–१ सिद्धपुर मैदानमा बुधवार भएको पहिलो क्वार्टरफाइनल खेलमा आयोजक सिद्धपुरले श्रीपुर पंचगावाँलाई शून्यविरुद्ध दुई गोल गरी सेमिफाइनलको यात्रा सुरक्षित गरेको छ । सिद्धपुरले पहिलो हाफमा एक र दोस्रो हाफमा एक गरी दुई गोल गरेको थियो । आजको खेलको 'म्यान अफ दी म्याच' सिद्धपुरका रोहित चौधरी घोषित भएको आयोजक टीमका सदस्य सुभाष सिलवालले बताए ।

## भारतीय कारबाट ४३ किलो गाँजा बरामद

प्रस, वीरगंज, १० पुस/

इलाका प्रहरी कार्यालय, सिम्रौनगढले मङ्गलवार राति भारतीय नम्बरको एउटा कारमा ४३ किलो गाँजा बरामद गरेको छ ।

प्रहरी चौकी अमृतगंजका प्रहरी सहायक निरीक्षक मनोज यादवको कमान्डमा खटेको गस्ती टोलीले सुवर्ण गाउँपालिकाको तेलकुवाबाट सिम्रौनगढतर्फ आउँदै गरेको बिआरओ ०१एयू११०७ नम्बरको कार चेकजाँच गर्ने क्रममा कारभित्र प्लास्टिकले बेरेर राखिएका पाँचवटा प्याकेटमा ४३ किलो गाँजा बरामद भएको इप्रका, सिम्रौनगढले जनाएको छ ।



तस्वीरः सौजन्य

प्रहरीलाई देखेपछि कारचालक फरार भएका थिए । बरामद गाँजा इप्रका, सिम्रौनगढमा राखिएको छ ।


## जाडो मौसममा सवारी दुर्घटनाको जोखिमबाट बचौं

- हुस्सु, कुहिरो र शीतलहरका बेला सवारी दुर्घटनाको उच्च जोखिम हुन सक्छ,
- सावधानीपूर्वक सवारी साधन चलाऔं,
- सवारी चलाउनुपूर्व सवारीको यान्त्रिक परीक्षण गरौं,
- हुस्सु, कुहिरो र शीतलहरको बेला बत्ती (फग लाइट) बालेर मात्र सवारी साधन चलाऔं,
- बाक्लो कुहिरोको समयमा अवश्यकता अनुसार हर्नको प्रयोग गरौं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं,
- सवारी साधन रोक्नुपर्दा सङ्केत दिई सडक किनारामा मात्र रोक्ने गरौं,
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
- जथाभावी बाटो नकाटौं, बाटो काट्दा सतर्क रहौं,
- सवारी दुर्घटनाबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## आदर्श माविको वार्षिकोत्सव

प्रस, वीरगंज, १० पुस/

आदर्श माविले आफ्नो ४५औं वार्षिकोत्सवमा बुधवार सांस्कृतिक कार्यक्रम सम्पन्न गरेको छ ।

प्राडा दीपक शाक्यको अध्यक्षतामा भएको कार्यक्रममा वीरगंज महानगरपालिकाको उपप्रमुख इम्तियाज आलमलगायतको सहभागिता थियो ।

## पोखरामा 'ओपन तथा भेट्रान्स' टेनिस प्रतियोगिता

कास्की, १० पुस/रासस

देशको पर्यटकीय राजधानी शहर पोखरामा यही पुस ११ गतेदेखि २१औं संस्करणको 'माछापुच्छ्रे पोखरा ओपन तथा भेट्रान्स टेनिस' प्रतियोगिता सञ्चालन हुने भएको छ । कास्की जिल्ला टेनिस सङ्घको आयोजनामा पोखरा रङ्गशालास्थित टेनिस कोर्टमा हुने प्रतियोगिताको सबै तयारी सकिएको आयोजकले बुधवार पत्रकार सम्मेलनमार्फत जनाएको छ ।

यही पुस १५ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा महिला तथा पुरुषतर्फ 'सिंगल्स' र 'डबल्स' तथा भेट्रान्सतर्फ ३५, ४५, ५५ र ६५ वर्षमाथि उमेर सूमहमा प्रतिस्पर्धा हुने प्रतियोगिता संयोजक एवं कास्की जिल्ला टेनिस सङ्घका उपाध्यक्ष नवीन चालिसेले जानकारी दिए । प्रतियोगितामा सहभागिताका लागि नेपालका विभिन्न प्रदेश र जिल्लाहरूसहित छिमेकी देश भारत, भुटान, बेलायत, जापान, हङकङलगायतका मुलुकहरूबाट खेलाडीहरू पोखरा आइपुगेका छन् ।

खुलातर्फ नेपालका शीर्ष वरीयताका प्रदीप खड्कासहित जीतेन्द्र परियार, कमल भण्डारी, आरभ सम्राट हाडा, नेहालजङ्ग थापा, रोहित सुनुवार, मनोज राणा र महिलातर्फ सुनिरा थापा, सलोनी तामाङलगायतका खेलाडीहरूको सहभागिता रहने प्रतियोगिताका टुर्नामेन्ट डाइरेक्टर कुमार अधिकारीले बताए ।

अधिकारीका अनुसार पुरुष एकलतर्फ ३१ खेलाडी, महिला एकलमा ११ खेलाडी, ३५ वर्षमाथि ३२, ४५ वर्षमाथि २९ खेलाडी, ५५ वर्षमाथि २० जनासहित एक सय बढी खेलाडीले प्रतिस्पर्धा गर्नेछन् ।

महिला तथा पुरुष एकलतर्फ विजेताले नगद रु ८० हजार र उपविजेताले रु ४० हजारसहित ट्रफी तथा सेमिफाइनलिस्टले नगद रु २० हजारसहित मेडल पुरस्कार प्राप्त गर्नेछन् ।

महिला तथा पुरुष डबल्सतर्फ विजेताले नगद रु ३० हजार र उपविजेताले रु १५ हजारसहित ट्रफी तथा सेमिफाइनलिस्टले नगद रु १० हजारसहित मेडल प्राप्त गर्ने प्रतियोगिता संयोजक चालिसेले जानकारी दिए ।

यसैगरी, ३५ वर्षमाथिको एकलतर्फ विजेताले नगद रु ६० हजार र उपविजेताले रु ३० हजारसहित ट्रफी तथा सेमिफाइनलिस्टले नगद रु १५ हजारसहित मेडल प्राप्त गर्नेछन् । यसैगरी, ३५ वर्षमाथिको डबल्स विजेताले नगद रु २० हजार र उपविजेताले रु १० हजारसहित ट्रफी तथा सेमिफाइनलिस्टले नगद रु १० हजारसहित मेडल प्राप्त गर्नेछन् । आयोजकका अनुसार ४५ वर्षमाथिको एकलतर्फ विजेताले नगद रु ४० हजार र उपविजेताले रु २० हजारसहित ट्रफी तथा सेमिफाइनलिस्टले नगद रु १० हजारसहित मेडल प्राप्त गर्नेछन् । ४५ वर्षमाथिको डबल्स विजेताले नगद रु २० हजार र उपविजेताले रु १० हजारसहित ट्रफी प्राप्त गर्नेछन् ।

नेपाल टेनिस सङ्घका उपाध्यक्ष विनोद कायस्थले यो प्रतियोगिता नेपालकै टेनिस इतिहासमा सबैभन्दा लामो समयसम्म निरन्तररूपमा आयोजना भएको र खेल पर्यटन प्रवर्द्धनका लागि सहयोगी भएको बताए । कास्की टेनिस सङ्घका अध्यक्ष राजकुमार गुरुङले प्रतियोगिताले पोखराको खेल पर्यटनमा पनि महत्त्वपूर्ण टेवा पुग्ने बताए ।






## बोरा बिछ्याएर पढिरहेका विद्यार्थी र सात वर्षदेखि तलब नपाएका एक शिक्षकप्रति स्थानीय सरकार उदासीन भएको गुनासो

रमेश तिमिल्सिना

चन्द्रपुर (रौतहट), १० पुस/रासस

फतुवा विजयपुर नगरपालिका–१ शीतलपुरस्थित दलित प्राथमिक विद्यालयका विद्यार्थी विगत १७ वर्षदेखि बोरामा बसेर अध्ययन गरिरहेका छन् । बकैया नदीको ड्याममा स्थानीय समाजसेवी गणेश महराले दान गरेको १० धुर जग्गामा २०६४ सालमा दलित प्राथमिक विद्यालय स्थापना भएको हो ।

विद्यालयमा कुनै किसिमको फर्निचर तथा भवन नभएकै कारण अध्ययन गर्ने बालबालिका भुइँमा बोरा ओछ्याएर पढ्दै आएका छन् । भवनको नाममा दुईवटा ससाना छाप्रा छन् । अहिले पनि सो विद्यालयमा अध्ययन गर्ने बालबालिका भुइँमैं बसेर अध्ययन गरिरहेका छन् । सो विद्यालयका कक्षा ३ मा अध्ययनरत रविताकुमारी मुखिया पढ्ने वातावरण नै नभएको बताउँछिन् । विद्यालयका समस्याप्रति स्थानीय सरकार उदासीन भएका उनको गुनासो छ ।

विद्यालयमा डेस्क, बेन्च, भवन, शौचालय केही नभएको उनी गुनासो गर्छिन् । अर्का विद्यार्थी सुबोधकुमार पटेल पनि फर्निचर अभावमा पढ्न कठिनाइ भएको बताउँछन् । अहिले फर्निचर र भवन मात्र भएपनि पढ्न सहज हुने पटेलले बताए । बालविकास कक्षामा अध्ययन गर्न बालबालिकाले बोरा लिएर जाने



तस्वीरः रासस

गरेका छन् । घरबाट बोरा नल्याउनेले चीसो भुइँमा बस्नुपर्ने बाध्यता रहेको निमित्त प्रधानाध्यापक हीरालालप्रसाद यादव बताउँछन् ।

हाल उक्त विद्यालयमा चारजना बालविकास शिक्षिका, दुई सङ्घीय अनुदानका शिक्षक र एक कार्यालय सहयोगी कार्यरत छन् । स्थापना भएको १७ वर्षमा सो विद्यालयमा हालसम्म एकजना पनि स्थायी शिक्षक छैनन् । विद्यालयमा अध्ययन र अध्यापन गराउन एकदमै असहज भएको प्रधानाध्यापक यादव बताउँछन् । विद्यालय स्थानीय तह मातहत आएको आठ वर्ष बितिसक्दा पनि विद्यालयको अवस्थामा परिवर्तन नहुनु राजनीतिक मतभेद भएको उनको बुझाइ छ ।

सोही विद्यालय स्थानान्तरणका लागि २०७४ सालमा नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)बाट निर्वाचित फतुवा विजयपुर नगरपालिका–१ का तत्कालीन वडाध्यक्ष सञ्जय साहले चार कट्ठा जमीन खरीद गरेर पाँचकोठे भवन बनाएका थिए । तर उक्त जमीन रौतहट क्षेत्र नं ३ का सांसद प्रभु साहको तराई–मधेस समृद्धि प्रतिष्ठानको नाममा खरीद गरिएको कारण विद्यालय सार्न नसकिएको प्रधानाध्यापक यादव बताउँछन् ।

विद्यालयका नाममा बजेट लिएर जमीन र भवन विद्यालयको नाममा नगर्दा विद्यार्थीले सास्ती खेप्नुपरेको प्रधानाध्यापक यादव बताउँछन् । विसं २०७९ मा निर्वाचित नगरप्रमुख निलम्बनमा परेका र हालका कार्यवाहक नगरप्रमुख अम्बेया खातुनले विद्यालयको अवस्थाबारे चासो नदिएको उनी गुनासो गर्छन् । सामान्य वर्षा र प्रचण्ड गर्मीमा पनि विद्यालय बन्द गर्नुपर्ने बाध्यता रहेको प्रधानाध्यापक यादव बताउँछन् । मधेस प्रदेश सरकारका अर्थमन्त्री जितेन्द्र यादव सोही नगरका हुन् र विद्यालयको समस्या समाधान नभएकोमा खिन्न छन् ।

**साउनदेखि खाजा खुवाउन सकेको छैन**

पकाउने र भाँडा राख्ने ठाउँको अभाव देखाउँदै विद्यालयले गत साउनदेखि त्यस विद्यालयमा अध्ययनरत विद्यार्थीलाई खाजा खुवाउन नसकेको प्रधानाध्यपक यादवले जानकारी दिएका छन् । बाढीले हाजिर रजिस्ट्रर बगाएको स्मरण गर्दै प्रअ यादवले भौतिक पूर्वाधार अभाव झेल्नुपरेको गुनासो गरे । विद्यालयमा १७५ विद्यार्थी छन् ।

यो विद्यालयमा ६० प्रतिशत छात्रा र चार शिक्षिका छन् । शौचालय अभावमा उनीहरू दिसापिसाप गर्न आफ्नै घर वा नजीकैको उखुबारी जानुपर्ने बाध्यता छ ।

**सात वर्षदेखि तलबविहीन**

सोही विद्यालयमा अध्यापनरत एक

(बाँकी पाँचौं पातामा)